# अध्याय : एक

# (CHAPTER: ONE)

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपालको शैक्षिक इतिहासलाई अध्ययन गर्ने हो भने औपचारिक शिक्षाको इतिहास धेरै लामो देखिदैन । वि.सं. १९१० मा जंगबहादुरले बेलायत भ्रमणबाट आएपछि १९१० असोज २७ गतेका दिन आफ्नो दरवारमा अंग्रेजी पाठशालाको स्थापना गरे । यो नै नेपालको इतिहासमा आधुनिक शिक्षाको थालनी थियो । त्यसपछिका शिक्षाको क्षेत्रमा विभिन्न परिवर्तन हुँदै आए । वि.सं. १९९० कात्तिक १६ गतेका दिन एस्.एल्.सी. परीक्षा बोर्डको गठन भएपछि एस्.एल्.सी. परीक्षा नेपालमा संचालन हुन थाल्यो । वि.सं. २००७ सालपछि राजनैतिक परिवर्तनसँगै शिक्षा क्षेत्रको विकासमा पनि परिवर्तन हुँदै गयो । २००७ सालसम्म आइपुग्दा १ वटा क्याम्पस, ३२२ वटा प्राथमिक विद्यालय र ११ वटा माध्यमिक विद्यालयहरु खोलिएका थिए । त्यस समयपछि यता शिक्षा क्षेत्रमा सुधार ल्याउनका लागि विभिन्न प्रकारका योजना आयोग, समिति तथा प्रतिवेदनहरु समयसँगै परिवर्तन र परिमार्जन हुँदै जान थाले (अधिकारी २०६७) ।

समयको गतिसँगै राष्ट्र विकासको लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न सोही अनुरुप शिक्षाको नीति तय गर्न थालियो । शैक्षिक गुणस्तरमा वृद्धि गर्नका लागि विभिन्न विषयमा अनुसन्धान, अध्ययन, सर्वेक्षण आदि कार्य गर्न सुरु गरियो । रा.शि.प. २०२८ पछि शैक्षिक प्रशासनमा आमूल परिवर्तन देखापर्‍यो । यसले गर्दा नेपालको शैक्षिक विकासमा नयाँ उत्साह थप्ने काम गर्‍यो । आर्थिक वर्ष २०६५ का अनुसार प्राथमिक विद्यालय ३३६८८, निम्न माध्यमिक विद्यालय ११९३९, आधारभूत विद्यालय ३२८६५, माध्यमिक विद्यालय ७२६६ र उच्च माध्यमिक विद्यालय २५६४ वटा रहेको थियो (अधिकारी २०६७) ।

माध्यमिक शिक्षा देशको शिक्षा प्रणालीकै एक महत्वपूर्ण भाग मानिन्छ । यसले देशका लागि आवश्यक पर्ने मध्यम स्तरीय श्रमशक्ति उत्पादनका साथै उच्च शिक्षाका लागि आधार खडा

गर्दछ । उच्च शिक्षाको उद्देश्य राज्यलाई आवश्यक पर्ने आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा उच्चस्तरको जनशक्ति उत्पादन गर्नु रहेको छ जुन माध्यमिक शिक्षाको गुणस्तरमा निर्भर रहने गर्दछ (Bista, 2000) ।

आजको वर्तमान समयमा नेपालमा भएका विद्यालयका लागि शैक्षिक खर्चको आवश्यकता बारेमा दिइएको जानकारी अनुसार पछिल्लो समयमा आएर विभिन्न धार्मिक संस्था वा समूहद्वारा सहयोग हुँदै आएको छ । तर पनि नेपालमा शैक्षिक प्रक्रिया वृद्धिमा सरकारले खेल्ने भूमिका प्रभावकारी हुँदै गएको छ । राज्यले बजेटमा पनि वृद्धि गरेको छ (अग्रवाल, १९७४) ।

नयाँ-नयाँ वैज्ञानिक प्रविधि र उत्पादन तरिका मानव संसाधनमा भर पर्दछ, जसको उत्पादन एक राम्रो शिक्षा प्रणालीले गर्न सक्दछ । विकासका अन्य क्षेत्रमा गरिएको लगानी बराबर शिक्षा क्षेत्रमा लगानी गर्ने हो भने राष्ट्रिय आयको वृद्धि दरमा अन्य क्षेत्रको लगानीले भन्दा शिक्षामा गरिएको लगानीको योगदान बढी दिने गर्दछ । शिक्षालाई लगानीको रुपमा लिनुपर्दछ । कुनै पनि देशको शिक्षा तथा विकास एउटा सिक्काको दुई पाटाजस्तै एकापसमा अन्तरनिर्भर हुने भएकोले सरकार, समाज तथा व्यक्तिले शिक्षामा लगानीको दर बढाउनु पर्दछ  (भावुक, २०६०) ।

२०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि विद्यालय अनुदान कार्यक्रम अन्तर्गत दुर्गम जिल्लाहरुमा निम्न माध्यमिक र माध्यमिक शिक्षकका तलव भत्ता सरकारले शतप्रतिशत बेहर्नुका साथै दुर्गम भत्ताको पनि व्यवस्था गरेको थियो । बाँकी अन्य जिल्लाहरुका लागि निम्न माध्यमिक र माध्यमिक शिक्षक तलव भत्ता वापत ७५% अनुदान दिने तर व्यवसायिक माध्यमिक विद्यालयका शिक्षकहरुलाई ७५% नै तलव दिने व्यवस्था गरेको थियो । २०३८ सालदेखि व्यवसायिक माध्यमिक विद्यालय नहुने व्यवस्था भएपछि सबैखाले माध्यमिक विद्यालयहरुलाई ५०% तलव भत्ता अनुदान दिने व्यवस्था गरियो । पञ्चायतकालमा कर्मचारीहरुको तलव भत्ता बढाउँदा तलव तुरुन्त नबढाउने फेरि तलव बढेको अनुपातमा आफूले बेहोर्नुपर्ने प्रतिशत दिँदा शिक्षकले नमानेपछि बढेको तलवको शतप्रतिशत रकमनै दिने निर्णय गरेको थियो । फलस्वरुप २०४९ सालसम्म माध्यमिक विद्यालयले ६०% तलव भत्ता अनुदान पाएको देखिन्छ (पोखरेल, २०६२) ।

तलवको प्रतिशतका आधारमा अनुदान दिने व्यवस्था गर्दा कुनै शहरी क्षेत्रमा विद्यालयले बढी रकम पाउने र कम विद्यार्थी हुने ग्रामीण क्षेत्रका विद्यालयले कम अनुदान पाउने गरेकोले ग्रामीण क्षेत्रका माध्यमिक विद्यालयहरुले तलव खुवाउन पनि नसक्ने अवस्था आएको हुनाले राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरिएका शुरुका वर्षमा विद्यालयको आम्दानीबाट ५ प्रतिशत जिल्ला शिक्षा कोषमा राख्ने र त्यो रकमबाट तलव खुवाउन नसकेका विद्यालयहरुलाई सहयोग दिने व्यवस्था गरेको पाइन्छ । तर त्यस व्यवस्था पछि संचालन गरिएन, जसको कारण कम विद्यार्थी भएका ग्रामीण क्षेत्रमा विद्यालयहरुले शिक्षक तलव र संचयकोष समयमानै दिन सकेका थिएनन् (NEC, 1992)।

२०२८ साल देखि २०४९ साल पूर्व नेपालको माध्यमिक शिक्षामा लागू भएको लागत सहभागितालाई हेर्दा शिक्षामा हुने शैक्षिक लागतमा अभिभावकको पनि धेरै योगदान रहेको पाइन्छ । तत्कालिन योजना अवधिमा विद्यालयहरुको भौतिक निर्माणमा जनसहभागिता तथा विद्यालयलाई भर्ना शुल्क तिरेर अभिभावकले शैक्षिक लागतमा करिव ६०% लगानी गरेको देखिन्छ (शिक्षा नियमावली, २०६१) ।

शिक्षा ऐन सातौं संशोधनले प्राथमिक शिक्षा पूर्ण रुपले निःशुल्क हुने र माध्यमिक तहमा लागत सहभागिता र लागत अशुलीको रणनीति लिइने व्यवस्था गरेको छ । शिक्षामा पहुँच बढाई समानता कायम गर्न र खर्चको अभावमा कोही पनि शिक्षाबाट बञ्चित हुन नपरोस् भन्नका लागि यस ऐनले गरिव र सुविधाविमुख समूहलाई लक्षित छात्रवृत्तिको व्यवस्था गरेको देखिन्छ । माध्यमिक शिक्षा सहयोग कार्यक्रमले लागत सहभागिताका रणनीतिलाई विभिन्न समुदाय र आर्थिक सामाजिक समूहसम्म विस्तार गरी नमूना योजना बनाई शिक्षा ऐनको भावना अनुसार छात्रवृत्ति कार्यक्रमको व्यवस्था गर्ने लक्ष्य राखेको छ, साथै यसले माध्यमिक शिक्षक सहयोग कार्यक्रमको प्रथम ५ वर्षको अवधिमा सघन कार्यक्रम लागू भएका १० जिल्लामा र अन्य ६५ जिल्लामा समेत छात्रवृत्तिको लागि प्रत्यक्ष रुपमा लगानी गर्ने भएको देखिन्छ (शिक्षा नियमावली, २०५९) ।

प्रजातन्त्रको पुनः स्थापना पश्चात वि.सं. २०४९ सालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले प्रजातान्त्रिक परिपाटी अनुसार गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्ने, प्रा.वि. तहमा मातृभाषामा शिक्षा दिने, अनिवार्य शिक्षक तालिम, प्रा.वि. तहमा महिला शिक्षिकाको

व्यवस्था, अपाङ्ग भएकालाई निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने, उच्च मा.वि.को स्थापनासँगै छात्रवृत्तिको व्यवस्था गरी शिक्षा पद्धतिमा परिवर्तन गर्न जोड दिएको छ । राष्ट्रको बदलिदो समयसँगै उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले शिक्षामा अभ्क गुणस्तरिय र सवैको पहूच पूऱ्याउने उद्देश्यले निःशुल्क अनिवार्य र मातृभाषामा शिक्षा प्रदान गर्न गुणस्तरीयता र सुदृढीकरण, शैक्षिक परियोजनाको संचालन, निरिक्षण, अनुगमन र मूल्यांकन पद्धति, पिछडिका वर्गका लाीग शिक्षामा समान अवसर, विशेष शिक्षा, अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रम, वहु विश्वविद्यालय प्रणाली, विज्ञान तथा प्राविधिक शिक्षा आदिमा जोड दिइएको छ ।

नेपालको माध्यमिक शिक्षाको सुधार गर्नका लागि विभिन्न प्रयास भएको छ । वि.सं. २०३९ साल देखि विज्ञान शिक्षा परियोजना र जनसंख्या शिक्षा परियोजना, वि.सं. २०५० साल देखि माध्यमिक शिक्षा विकास परियोजना, आ.व. २०५७/२०५८ देखि माध्यमिक शिक्षा विकास केन्द्र र सन् २००३ देखि २००७ सम्म माध्यमिक शिक्षा सहयोग जस्ता कार्यक्रम संचालन भएका थिए । वि.सं. २०५९ साल पछि सामूदायिक विद्यालयको व्यवस्थापन समूदायलाई हस्तान्तरण गर्न सुरु गरेपनि विद्यालयको शैक्षिक गुणस्तर र एस.एल.सी. परिक्षाको नतिजामा खासै उपलब्धी हुन सकेको देखिदैन ।

नेपालको अन्तरिम संविधान २०६३ ले नागरिकको माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने आधारभूत अधिकार प्रदान गरेको छ । प्रत्येक व्यक्तिलाई गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी देशको आर्थिक एवम् सामाजिक रुपान्तरणमा योगदान दिन सक्ने, विश्वव्यापीकरणको यूगमा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने र देश निर्माणको दायित्वलाई बहन गर्न सक्ने, देशभक्त नागरिक तयार पार्न सरकार प्रयासरत रहेको छ । सोही अनुरुप विगतका उपलब्धीहरुलाई सुदृढ गर्दै विविध विधा र तहको शिक्षामा समतामूलक पहूँच सूनिश्चित गर्ने, सहस्राब्दी विकास लक्ष्य लगायत राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिवद्धताहरुलाई पूरा गराउन, शिक्षालाई जीवनीपयोगी, सान्दर्भिक एवम् रोजगार मूलक बनाउने र सकारात्मक सामाजिक परिवर्तनको संवाहकका रुपमा विकास गर्ने तर्फ देशले विशेष जोड दिनुपर्ने र निरन्तर रुपमा शिक्षा क्षेत्रको विकास र परिवर्तनका लागि राज्यका सवै पक्ष लाग्नुपर्ने आवश्यकता टङ्कारोको रुपमा देखिएको छ (राष्ट्रिय योजना आयोग, २०६७) ।

मानव संसाधन विकासको महत्वपूर्ण आधारको रुपमा शैक्षिक विकास रहेको हुन्छ । शैक्षिक विकासबाट नै सामाजिक, आर्थिक, राजनितिक, साँस्कृतिक विकासका लागि आधार प्रदान मिल्दछ । शैक्षिक रुपमा समून्नत समाज, सामाजिक तथा आर्थिक रुपमा पनि समून्नत रहन्छ । शैक्षिक समून्नती तबमात्र प्राप्त गर्न सकिन्छ तब समाजका सबै वर्ग र उमेरका मानिसलाई साक्षरताका अलावा जीवनीपयोगी सिपमा आधारित गुणस्तरिय शिक्षा प्रदान गर्न सकिन्छ । आफ्नो सामाजिक अवस्था सांसारिक अवस्थालाई बुझ्न सक्ने सांसारिक प्रतिस्पर्धामा खट्न सक्ने र मानविय क्षमता प्रदर्शन गर्न सक्ने तथा सांसारिक परिवेशमा समायोजित जीवनयापन गर्न सक्ने सिप प्रदान गर्ने शिक्षा जसले वैयक्तिक गुणस्तर र सामाजिक गुणस्तर बढाउछ त्यस्तो शिक्षामा सवैको पहूँच सूनिश्चित गर्नू आजको शैक्षिक चूनौति हो र त्यो चूनौती पूरा गर्ने दिशामा हाम्रा प्रयास निरन्तर रुपमा अगाडी बढ्नु जरुरी देखिन्छ (रिमाल, २०७१) ।

“सबैका लागि शिक्षा” डकार कार्ययोजनाले देशका सरकारहरुलाई सामाजिक, आर्थिक तथा साँस्कृतिक रुपमा सिमान्त तथा अति पिछडिएका वर्ग वा समूदायहरुलाई समावेशी शिक्षा प्रणालीद्धारा आधारभूत सिकाई अवसरहरु प्रदान गर्न आह्वान गरेको छ । धेरै राष्ट्रहरुले बालबालिका तथा यूवाहरुको सिकाई आवश्यकता पूरा गर्न दिर्घकालिन सोच तथा अवसरहरुको विस्तार गरिरहेको पाइन्छ । यस अनुसार शिक्षामा पहूँचका लागि विद्यालय शिक्षाका अवरोधहरुलाई हटाउने विस्तृत निति तर्जूमा गरिएपनि विद्यमान कायम रहेका छन् । देश भित्रका भौगोलिक विविधता र सिमान्तीकरणका वहूकारक तत्वहरुले महिला, श्रमजिवि बालबालिकाहरु, आदिवासी, जनाजाती अल्पसंख्यक तथा अपाङ्ग लगायत धेरै जसो समूहहरुको आधारभूत सिकाइको प्रतिफलदरलाई सिमित गरेको देखिन्छ । विभिन्न प्रयासहरुले प्राथमिक शिक्षाको वातावरणको अवस्था गिर्दो रहेको पाइन्छ । यी चूनौतीहरुलाई सम्वोधन गर्न विभिन्न देशहरुले अति पिछडिएको समूह तथा सिमान्त समूहको शैक्षिक पहुँचका लगि सन् २००० देखिनै चौतर्फी कार्यक्रमहरु तथा रणनीतिको अवलम्वन गर्दै आइरहेका छन् । शिक्षा लोकतन्त्रको साध्य र साधन दुवै हो । यसले मानिसहरुमा लोकतान्त्रिक दृष्टिकोण, मूल्य मान्यता, व्यवहार र जीवनशैलीको विकास गराउँछ । तसर्थ समूदायमा शिक्षाको विकास गर्न शिक्षा व्यवस्थाको सामूदायिकरण गर्ने र समावेशी लोकतान्त्रिक आचरण यूक्त नागरिक तयार गर्ने दुवै पक्षमा ध्यान दिनु जरुरी छ । समावेशि

शिक्षाले सवै नागरिकहरुमा शिक्षाको पहूँच पूऱ्याउने र समावेशी सामाजिक राजनितिक संरचना अनुकूल व्यवहार गर्न सक्ने क्षमताको विकास गर्न सक्नुपर्छ । शिक्षाको अधिकारलाई आधारभूत मानव अधिकार र वाल अधिकारका रुपमा लिईको पाइन्छ । यो न्यायपूर्ण र कल्याणकारी समाजको निर्माण र दिगो विकास, शान्ति र स्थायित्वको महत्वपूर्ण आधार हो । सवैका लागि शिक्षाको डकार कार्ययोजनाले समावेशि शिक्षालाई सिमान्तकृत समाजको मूल प्रवाह भन्दा बाहिर रहेका समूहका बालबालिकाको समावेशिकरण गर्ने एउटा महत्वपूर्ण रणनीतिको रुपमा लिइएको पाइन्छ । सन् १९९४ मा स्पेनको सालामान्कामा भएको विशेष शिक्षा सम्वन्धी विश्व सम्मेलनबाट सबै बालबालिकाहरु र विशेष आवश्यकता भएका बालबालिकाहरुलाई सेवा पुऱ्याउन पारित विशेष शिक्षाको कार्य योजनाले समावेशी शिक्षाको अवधारणा अगाडी सारेको देखिन्छ (सिन्हा, २०६६) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

माध्यमिक शिक्षा उच्च शिक्षाको आधार हुनाले यस तहको शिक्षामा गरिएको सार्वजनिक लगानीलाई उपयुक्त तरिकाले परिचालन गरी शिक्षालाई गुणात्मक र परिस्कृत बनाउनु अति नै महत्वपूर्ण रहेको छ । शिक्षामा गरिने लगानी अन्य क्षेत्रमा गरिने लगानी भन्दा भिन्दै प्रकृतिको र दिर्घकालिन हुनु अत्यावश्यक छ । अन्य क्षेत्रमा गरिएको लगानीबाट तत्कालै प्रतिफल प्राप्त गर्न सकिन्छ भने शिक्षामा गरिएको लगानीबाट प्रतिफल प्राप्त गर्न धेरै वर्ष पर्खनुपर्ने हुन्छ । यसै सन्दर्भमा एउटा चिनिया दार्शनिक कन्फ्युसियले भनेका छन् कि यदि तिमी एक वर्षका लागि योजना बनाउछौ भने धानखेती गर, दश वर्षको लागि योजना बनाउछौ भने फलफूल खेती गर र सय वर्षका लागि योजना बनाउँछौ भने मानिसको खेती गर अर्थात् शिक्षामा लगानी गर (Herbinson and myers 1968 A.D.) ।

पहिले-पहिले नाफाको दृष्टिकोणले भन्दा पनि मानवीय दृष्टिकोणले शिक्षामा लगानी गरिएको पाइन्थ्यो तर वर्तमान समयमा शिक्षामा गरिने लगानीद्वारा प्रतिफलको अपेक्षा गरिन्छ । सार्वजनिक शिक्षाको खर्च कसले व्यहोर्नु पर्ने हो ? व्यक्तिले, उद्योगले, राष्ट्रले वा कसले ? यस प्रश्नको उत्तर एउटै रुपमा पाइदैन । शिक्षाले निजि लाभ पनि उपलब्ध गराउने हुनाले शिक्षाको लगानी निजी स्रोतबाट हुनुपर्ने एउटा बलियो तर्क छ भने अर्कोतिर

शिक्षाले सामाजिक लाभ दिने हुनाले राज्यले नै शिक्षामा लगानी गर्नुपर्ने धारणा पाउन सकिन्छ (खनाल, २०६१) ।

नेपालको व्यवस्थापनमा अभिभावक र समूदायको ठूलो भूमिका रहेको पाइन्छ । विद्यालयका लागि आवश्यक पर्ने रकम, जग्गा तथा अन्य भौतिक सहयोगले माध्यमिक तहको वित्तिय व्यवस्थापन सन्तोषजनक रहेको थियो । वर्तमानमा सरकारले शिक्षालाई निशुल्क घोषण गरेपनि विद्यार्थी  संख्या र विषय अनुसार शिक्षक दरवन्दीको व्यवस्था गर्न सकेको छैन । अर्को तर्फ निःशुल्क शिक्षाको विरोधाभास नितिले विद्यालय आम्दानीका स्रोतहरु सिमित देखिन्छन् । विद्यालयका लागि आवश्यक परेजति स्रोत जुटाउन नसकेका कारण भौतिक तथा शैक्षिक पक्ष सन्तोषपूर्ण देखिदैन (आचार्य, २०६५) ।

देशको सर्वाङ्गीर्ण विकासका लागि गुणस्तरीय शिक्षा महत्वपूर्ण रहेको छ । नेपालमा हाल दुई क्षेत्र (सरकारी र निजी) बाट लगानी गरिएका विद्यालयहरु रहेको पाइन्छ । राज्यको तर्फबाट शिक्षामा गरिएको लगानी तुलनात्मक रुपमा नै बढी पाइएता पनि शिक्षाको अवस्था र गुणस्तरलाई हेर्दा ज्यादै कमजोर देखिन्छ । लगानी गरे अनुसार राम्रो प्रतिफल प्राप्त गर्न सकेको देखिदैन ।

कुनै शिक्षण संस्थाले दिएको शिक्षा कतिको स्तरिय छ भन्ने कुराको मापन विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत, शिक्षार्थीको विषयवस्तु प्रति रहेको रुची, प्राप्त ज्ञानप्रति आत्मविश्वास तथा बाह्य बजारमा त्यसको माग र खपतमा भर पर्ने गर्दछ । नेपालमा हाल सम्ममा कुल प्राथमिक विद्यालय २९२२०, नि.मा.वि. ९७३९, मा.वि. ५८९४ र १९७६ उ.मा.वि. रहेका छन् । यी विद्यालयहरु मध्ये संस्थागत विद्यालयहरुको संख्या क्रमश : ३४२४, २२८०, १६९३ र ५३३ अर्थात् संस्थागत विद्यालयहरु सार्वजनिक विद्यालयको तुलनामा धेरै कम रहेको छन् । तर सार्वजनिक र संस्थागत विद्यालयहरुको प्रवेशिका परिक्षा र उ.मा.वि. तहको परिक्षाको उत्तीर्ण प्रतिशत, विद्यालय छाडेर जाने विद्यार्थीको दर, बजारमा खपतको अनुमानलाई हेर्दा संस्थागत विद्यालयको योगदानलाई कम आंकलन गर्न मिल्दैन । देशले कूल बजेटको करिव १७ प्रतिशत शिक्षामा लगानी गरेपनि लगानीको अनुमानमा शिक्षाको गुणस्तरमा सुधार हुन सकेको देखिदैन । अर्को तर्फ निजी क्षेत्रको लगानीमा संचालन भएका शिक्षण संस्थाहरुको शैक्षिक सम्पादन दर प्रगती उन्मूख देखिन्छ । निजी क्षेत्रद्धारा संचालित शिक्षण संस्थाहरुमा

शिक्षण शूल्क तुलनात्मक रुपमा हेर्दा मह्गो छ तर पनि निजी क्षेत्रको शिक्षामा जनताको आकर्षण घट्न सकेको छैन (कोइराला, २०६५) ।

सार्वजनिक विद्यालयहरुको स्थापना र संचालन देशको कुना काप्चामा समेत छ । दुर्गम तथा पिछर्डिका क्षेत्रमा रहेका विपन्न बालबालिका आर्थिक रुपमा सिमान्तकृत परिवारका बालबालिकालाई शिक्षाको उज्यालो घामबाट बञ्चित हुने अवस्थाबाट यी विद्यालहरुले मूल पारेका छन् भने संस्थागत शिक्षण संस्थाहरु शहरमा केन्द्रित छन् । यी विद्यालयहरुमा आर्थिक रुपमा सम्पन्न परिवारका बालबालिकाले अध्ययनको अवसर पाएका छन् । यही कारणले गर्दा एउटै  समाजमा पनि दुई छुट्टा छुट्टै शैक्षिक स्तरका नागरिक उत्पादन भइरहेका छन् । सवाल के हो भने यी विषमतालाई कसरी हटाउने ? कसरी न्यूनिकरण गर्ने ? भन्ने विषयमा ध्यान पुर्‍याउनु जरुरी छ (कोइराला, २०६५) ।

वर्तमान परिस्थितिलाई हेर्दा दिनदिनै निजी विद्यालयहरु खोल्ने क्रम जारी छ । संस्थागत विद्यालयमा सरकारी लगानी र सामूदायिक लगानी भएको हुँदैन । यो नाफा प्रेरित विद्यालय हो । यिनै समस्याहरुलाई अध्ययन गरेर हेर्दा गोरखा जिल्लाको नगरपालिका भित्र संचालित एउटा सामूदायिक माध्यमिक विद्यालय र एउटा संस्थागत विद्यालयले माध्यमिक तहमा गरेको आर्थिक लगानी र शैक्षिक उपलब्धी बीच देखिएका समस्याहरुलाई पहिचान गरी समाधानका उपायहरु खोज्नुपर्ने यस अध्ययनको प्रमूख समस्याको विषय हो । यसका साथै यस शोध अध्ययनमा निम्न प्रश्नको जवाफ खोज्ने प्रयास गरिएको छ ।

क) सामूदायिक र संस्थागत दुवै विद्यालयमा माध्यमिक तहका लागि गरिने आर्थिक लगानी कस्तो छ ?

ख) सामूदायिक र संस्थागत दुवै विद्यालयमा माध्यमिक तहका शैक्षिक उपलब्धी कस्तो छ?

ग) एस.एल.सी. तहमा गरिएको आर्थिक लगानी जति मात्रामा वृद्धि गरिएको छ, त्यसको उपलब्धी अनुकूल पाइदैन, यसको जिम्मेवारी के हो ?

घ) किन एस.एल.सी तहको नतिजा सामूदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा ठूलो अन्तर देखिने गर्दछ ?

ङ) अभिभावकहरु आफ्ना बालबाच्चालाई सामूदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा किन पढ्न पठाउँछन् ?

## १.३ अध्ययनको महत्व (Importance of the study)

मानव संसाधन विकासका लागि शिक्षा महत्वपूर्ण कुरा हो । UNO ले शिक्षालाई आधारभूत आवश्यकता भित्र समावेश गरेको छ । Education for all भन्ने सन् २००२ को डकार सम्मेलनले सन् २०१५ सम्म सबैका लागि शिक्षा अनिवार्य गर्ने प्रस्ताव राखेको छ । यसका लागि नेपालले पनि प्रतिवद्धता जाहेर गरेको छ । शिक्षालाई अनिवार्य गर्ने कुरामा पनि आर्थिक लगानीका कुरा आउने गर्छ । यसका लागि सरकारी तथा गैह्र सरकारी र निजी क्षेत्रको लगानी आवश्यक हुन्छ । यसका लागि सरकारले राष्ट्रिय आम्दानी जति बढि लगानी गऱ्यो त्यतिनै बढी प्रतिफल राम्रो पाउन सकिन्छ । सरकारले बजेटको निश्चित प्रतिशत रकम शिक्षाका लागि छुट्याउनुपर्छ (अधिकारी, २०७१) ।

शैक्षिक उपलब्धीलाई शिक्षा क्षेत्रको एक महत्वपूर्ण सूचक मानिन्छ । शिक्षामा गरिने आर्थिक लगानीबाट उच्चतम शैक्षिक उपलब्धी हासिल गर्ने अपेक्षा गरिएको हुन्छ । विद्यार्थी, अभिभावक, शिक्षक, लगानीकर्ता र शिक्षासँग चासो राख्ने हरेक वर्गका लागि शैक्षिक उपलब्धी आकर्षक विन्दू बन्ने गर्दछ । माध्यमिक तहको परिक्षा मध्ये एस.एल.सी. तहको परीक्षालाई महत्वपूर्ण रुपमा हेरिएको हून्छ । एस.एल.सी परिक्षालाई आफ्नो सुन्दर भविष्य निर्माण गर्ने उद्देश्य लिएर विद्यार्थीहरुले कडा मेहन गरी पढाई गर्ने गर्दछन् । अभिभावकले आफ्ना बालबच्चा र शिक्षकहरुले आफ्ना विद्यार्थीले परीक्षामा कति अंक प्राप्त गऱ्यो, कुन श्रेणीमा हुन पुग्यो त्यी नै उनीहरुको शैक्षिक उपलब्धी मानिन्छ (बुदुजा, २०६२) ।

## १.४ अध्ययनको उद्देश्य (Objective of Study)

यस अध्ययनको साधरण उद्देश्य संस्थागत र सामूदायिक विद्यालयले माध्यमिक तहमा गरिएको आर्थिक लगानी र शैक्षिक उपलब्धी : एक अध्ययन, गोरखा जिल्ला रहेको छ भने यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्न छन् ।

१) सामूदायिक र संस्थागत माध्यमिक विद्यालयको वार्षिक आय र व्यय उल्लेख गर्ने,

२)  सामुदायिक र संस्थागत  माध्यमिक विद्यालयको प्रति विद्यार्थी लागत पत्ता लगाउने,

३)  सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शैक्षिक उपलब्धिको विश्लेषण गर्ने,

४)  सामुदायिक र संस्थागत  माध्यमिक विद्यालयको शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण  गर्ने,

## १.५ अनुसन्धान प्रश्न (Research Questiuons)

यस अध्ययनमा गोरखा जिल्लाको गोरखा नगरपालिका अन्तर्गत पर्ने संस्थागत र सामूदायिक माध्यमिक तहको विद्यालयहरुको शैक्षिक अवस्था कस्तो छ भन्ने कुरालाई आधारमानी निम्नलिखित प्रश्नका उत्तर खोज्ने प्रयास गरिएको छ ।

१) संस्थागत र सामूदायिक विद्यालयका आम्दानीका स्रोतहरु के-के हुन् ?

२) संस्थागत र सामूदायिक विद्यालयले लगानी गरे अनुसार शैक्षिक उपलब्धी राम्रो छ ?

## १.६ अध्ययनका परिसिमाहरु (Delimitation of the study)

यस अध्ययनका लागि निम्न अनुसारका सिमाहरु निर्धारण गरिएका छन् ।

क) यो अध्ययन गोरखा जिल्ला गोरखा नगरपालिका अन्तर्गत पर्ने १ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालयहरुमा सीमित रहेको छ ।

ख) यो अध्ययन संस्थागत र सामूदायिक विद्यालयको कक्षा ९ र १० मात्र समावेश गरि अध्ययन गरिएको छ ।

ग) यस अध्ययनमा संस्थागत र सामूदायिक माध्यमिक विद्यालयले गरेको आर्थिक लगानीको अवस्थाबारे विश्लेषणात्मक अध्ययन गरिएको छ ।

घ) यस अध्ययनमा संस्थागत र सामूदायिक माध्यमिक विद्यालयको शैक्षिक उपलब्धीको बारेमा विश्लेषणात्मक अध्ययन गरिएको छ ।

ङ) शैक्षिक वर्ष २०७० र २०७१ को एस.एल.सी. तथ्यांकलाई माात्र समावेश गरिएको छ ।

## १.७ मूख्य शब्दाबलीको परिभाषा (Defination of the key Tems)

| | |
|---|---|
| एस.एल.सी. | स्कूल लिभिङ्ग सर्टिफिकेट |
| शैक्षिक उपलब्धी | विद्यार्थीको उत्तीर्ण संख्या |
| संस्थागत विद्यालय | नेपाल सरकारबाट नियमित रुपमा अुनदान नपाउने गरी कम्पनी ऐन अुनसार दर्ता भई संचालन गर्न अनुमति प्राप्त विद्यालय |
| सामूदायिक विद्यालय | नेपाल सरकारद्धारा नियमित रुपमा अनुदान पाउने गरी स्वीकृत प्राप्त विद्यालय |
| पाठ्यपुस्तक | पाठ्यक्रम विकास केन्द्रले तोकेका पुस्तकहरु |
| लगानी | सरकार, अभिभावक तथा अन्य संघसंस्थाद्धारा शिक्षामा गरिएको लगानी |
| उत्तीर्ण | पास हुनु |
| माध्यमिक शिक्षा | कक्षा ९ र १० को शिक्षा |
| कक्षा दोहोऱ्याउने | फेल भई पुनः उही कक्षामा भर्ना हुनु |

## १.८ अध्ययनको संगठन (Organization of the study)

यस अध्ययनलाई ५ अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा अध्ययनको परिचय रहेको छ । जसमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्व, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्न, परिसिमा, मूख्य शब्दावलीको परिभाषा र संगठन राखिएको छ ।

अध्याय दुइमा सम्बन्धित साहित्यको पूनरावलोकन र अवधारणात्मक ढाँचा रहेको छ जसमा सैद्धान्तिक साहित्यको पूनरावलोकन, अनुसन्धानात्मक साहित्यको पूनरावलोकन, पूनरावलोकन गरिएको साहित्यको प्रयोग, अनुसन्धानरिक्तता रहेको छ ।

अध्याय तीनमा विधि र प्रक्रियाहरु राखिएको छ । जसमा अनुसन्धान ढाँचा र विधि, जनसंख्या, नमूना र नमूना रणनिति, अध्ययन क्षेत्र, तथ्यांक संकलनका साधन र प्रविधिहरु, तथ्यांक संकलनका प्रक्रिया, तथ्यांक विश्लेषण प्रक्रिया र नितिगत प्रावधानहरु रहेका छन् ।

अध्याय चारमा नतिजा, व्याख्या र विश्लेषण रहेको छ जसमा तथ्याङ्क विश्लेषण र नतिजाको व्याख्या रहेको छ ।

अध्याय पाँचमा सारांश, निश्कर्ष र सुझावहरु राखिएको छ । त्यसपछि सन्दर्भ सूची र अनुसूचीहरु राखिएको छ ।

# अध्याय : दुई
# (CHAPTER : TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा (Review of Related Literature and Theoretical Framework)

यस अध्ययनसँग सम्बन्धित विभिन्न पुस्तक, प्रतिवेदन, जर्नल लगायत अप्रकाशित लेख, रचनाहरु वा अनुसन्धानकर्ताको जानकारीमा आएका अन्य अध्ययनहरु जो विद्यालयमा आीर्थक लगानी र शैक्षिक उपलब्धि बारेमा प्राप्त गरेका साहित्यको समिक्षा अनुसन्धान प्रस्तावनाको यस अध्यायमा गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पूनरावलोकन (Review of Theoretical Literature)

अधिकारी (२०६६) ले उल्लेख गरे अनुसार नेपालको शिक्षाको इतिहास हेर्ने हो भने औपचारिक शिक्षाको इतिहास त्यति लामो छैन । प्राचिन कालमा संस्कृत र बौद्ध शिक्षा प्रचलनमा थियो भने मध्यकालिन समयमा धार्मिक संस्थाद्धारा शिक्षा प्रचलनमा थियो । १९१० बाट मात्र शिक्षाको संस्थागत स्थापना भएको पाउन सकिन्छ । यस समयलाई शिक्षामा आधुनिक कालको विकास भएको मानिन्छ । यस पछिका समयमा शिक्षामा विकास र परिवर्तन हुदै आएको छ । २००७ सालमा प्रजातन्त्र आएपछि शिक्षामा सुधार ल्याउनका लाीग विभिन्न योजना आयोग, रणनीति तथा प्रतिवेदनलाई पनि समय सापेक्ष परिवर्तन हुदै आएको पाइन्छ । २००७ सालसम्म आइपुग्दा १ वटा कलेज, ३२२ वटा प्राथमिक विद्यालय र २११ वटा माध्यमिक विद्यालय स्थापना भएका थिए ।

तेह्रौ योजना (२०७०-७३) ले यसै अनुसार बदलिदो समयसँगै शिक्षाको मागमा पनि बढ्दै गएको पाइन्छ । विद्यालयको संख्यामा पनि वृद्धि हुँदै गएको छ । आर्थिक वर्ष २०६७/०६८ देखि ०६९/०७० सम्ममा पूर्व प्राथमिक विद्यालय तथा बाल विकास केन्द्रको संख्या ३४, १७४ रहेको छ । ३४, २९८ प्राथमिक विद्यालय, १४, ४४७ निम्न माध्यमिक विद्यालय र ८, ४१६ माध्यमिक विद्यालय हालसम्ममा स्थापना भएका छन् । उच्च माध्यमिक विद्यालय ३, ५९६ वटा छन् ।

शर्मा (२०६१) का अध्ययन अनुसार गुणस्तरीय शिक्षाले व्यक्तिको सामाजिक, आर्थिक, साँस्कृतिक विकासका लागि आवश्यक व्यहारको निर्माण गराउँछ । जस्तो सुकै अप्ठ्यारो परिवेशमा पनि समायोजन गर्न सहयोग पु¥याउँछ उपलब्ध भएका साधन र अवसरको उपयोगमा मद्दत पु¥याउँछ । निजी हितलाई सामूहिक हितमा परिवर्तन गर्दै एकापसमा सहयोगको विकास गराउँदछ । पारिवारिक, राष्ट्रिय, सामाजिक र अन्तर्राष्ट्रिय हितमा व्यक्तिहरुलाई सधै सचेत बनाउँछ । त्यसैले शिक्षा क्षेत्रमा लगानी बढाउनु आवश्यक छ ।

शर्मा (२०६४) का लेख अनुसार शिक्षामा लगानी भन्नाले विभिन्न ठाउँबाट स्रोत जुटाई अपेक्षा गरिएको शैक्षिक लक्ष्य हासिल गर्न गरिने योजनावद्ध खर्च भन्ने बुझिन्छ । दोस्रो विश्व युद्ध पछिका समयमा विभिन्न राष्ट्रले योजनावद्ध तरिकाले शिक्षामा लगानी गरी देशलाई विकास गरेको पाइन्छ । अन्य क्षेत्रमा गरेको लगानी भन्दा शिक्षामा गरिएको लगानीलाई मानव संसााधन विकासको निम्ति दीर्घकालिन लगानीको रुपमा लिइन्छ । शिक्षामा गरिने लगानी सार्वजनिक लाभको सिद्धान्तको आधारमा गर्ने गरिन्छ । शैक्षिक क्षमताको अभिवृद्धिमा वित्तिय पक्ष महत्वपूर्ण मानिन्छ । यस क्षेत्रमा गरिने लगानीको प्रकृति, आकार र वितरण दक्षताले शिक्षा प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दछ ।

थापा (२०५८) को अध्ययन अनुसार शिक्षामा गरिएको खर्चबाट आशा गरे अनुरुप प्रतिफल प्राप्त भएको देखिदैन । त्यसैले लगानी र यसबाट प्राप्त हुने प्रतिफलको लेखा जोखा गरी निश्चित अवधि तोकी लगानी गर्ने प्रवृत्तिको विकास गर्नुपर्ने देखिन्छ । ठीक ठाउँ र बढी प्रतफिल दिने ठाउँमा लगानी गर्नु आवश्यक छ । निति नियम छ तर वास्तविक लक्ष्य र प्रतिवद्धताको कमी, राजनैतिक तथा व्यक्तिगत स्वार्थ प्रति लगनशील बढ्दै गएको पाइन्छ । प्रतिविद्यार्थी लगानी बढेसँगै उक्त लगानीको उच्च सदुपयोग नभई आशा अनुसार प्रतिफल प्राप्त हुन सकेको छैन ।

आमड स्मिथ (१७७६) का अनुसार शिक्षा एक प्रकारको पूँजी हो, जसले आर्जित ज्ञान तथा सिपलाई समावेश गर्दछ । शिक्षा असल शासन, आर्थिक क्रियाकलाप र प्रगतीको आधार हो । उनको समयमा स्कटल्याण्ड बासीहरु देशको शिक्षा प्रणालीले भाग्यशाली थिए र उनीहरुमा राम्री बानी उच्च वौद्धिक स्तर थियो भन्ने कुरा उल्लेख गरेका छन् । उनले शिक्षाको गुणस्तरमा अझ वृद्धि गर्नका लागि जसको जिम्मामा ती कुराहरु सूम्पिएको छ । उनीहरुको

अज्ञानता र अनुभवहीनताबाट बाबुआमाको खर्च र बालकको समय तथा प्रतिभा खेर नजाओस् भनेर विनम्र पूर्वक अनुरोध गरेका छन् । उनका अनुसार गरिव व्यक्तिहरुलाई शिक्षा दिन सार्वजनिक खर्चमा वृद्धि गरिनुपर्छ ।

पोखरेल (२०६२) का अध्ययन अनुसार सरकारले सन् २०१५ सालमा "सबैका लागि शिक्षा कार्यक्रम"अघि सारे अनुसार प्रभावकारी भएको देखिदैन । शिक्षा मन्त्रालयले गरिब बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था र विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रमको प्रचार-प्रसार गरेको पाइन्छ तर विद्यालयमा त्यसो नभई माध्यमिक तहको स्कूलमा विभिन्न तरिकाले शूल्क लिइनाले पढ्ने विद्यार्थी बीचमा पढाइ छाड्न वाध्य भएका छन् । सरकारी विद्यालयले प्राइभेट वोर्डिङ्ग सरह भर्ना शुल्क, मासिक फि, परिक्षा शूल्क असूल गरेपछि शिक्षाबाट वञ्चित भएका बालबालिकालाई निःशूल्क भर्ना र निःशुल्क पढ्न पाउनुपर्ने व्यवस्था गरिनुपर्छ । नत्र भने "सबैका लागि शिक्षा" नभएर झन गरिबी निम्त्याउने छ । यसर्थ अधिकांश गरिबी, अशिक्षित र पिछडिएका ठाउँमा बालबालिकाले निःशुल्क पढ्न पाउने व्यवस्था गरिनुपर्छ ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of Research Literature)

सिवाकोटी (Sewakoti, 2007) फाइनान्सीङ सेकेन्डरी एजुकेशन इन नेपालमा काठमाण्डौ उपत्यकामा गरेको एक अध्ययनमा सरकारी माध्यमिक विद्यालयको कूल आम्दानी मध्ये ६३% आम्दानीको स्रोत सरकारी अनुदान रहेको छ । अभिभावकबाट आएको आम्दानी २८% र विद्यालयको आफ्नै स्रोतबाट रहेको थियो । सरकारी विद्यलायको भन्दा निजी विद्यालयको शूल्क महङ्गो थियो । निजी विद्यालयको औषत लागत प्रति विद्यार्थी रु. १००१६ थियो भने सरकारी विद्यालयको रु. ५५१० थियो । खास गरी उच्च शिक्षा पढ्नका लागि उच्च आर्थिक अवस्था भएका अभिभावकले निजी विद्यालय तर्फ आकर्षित भएको पाइयो ।

वाग्ले (२००१) ले गरेको अध्ययन अनुसार जुन कुनै देशमा पनि शिक्षामा गरिने लगानीले भविष्यको विकाससँग सम्बन्धित हुन्छ । कक्षाकोठा सम्पूर्ण अध्ययन कार्य शिक्षकको हातमा रहेको हुन्छ । त्यसैले अध्ययन कार्य शिक्षकको हातमा रहेको हुन्छ । त्यसैले सरकारले शिक्षक तालिम कार्य क्रममा लगानी गर्नुपर्ने आवश्यक देखिन्छ । प्राथमिक शिक्षामा शिक्षक तालिम दुई प्रकारका हुने गर्दछन् । एउटा १० महिने प्रमाणिक तालिम हो । यो National Center

of Education of Development सँग सम्बन्धित रहेको छ । सन् १९९६ मा ४३% शिक्षकहरुले प्राथमिक शिक्षकहरुले तालिम लिएका थिए तर १० महिने तालिम पूरा गर्ने २०० मात्र शिक्षक रहेका थिए ।

सापकोटा (२०६७) ले संस्थागत तथा सामूदायिक विद्यालय व्यवस्थापन तुलनात्मक अध्ययन भन्ने सोधपत्रमा सामूदायिक विद्यालयमा भौतिक पक्ष राम्रो भएपनि गुणात्मक शैक्षिक उन्नती केही सन्तुष्ट नभएको तर संस्थागत विद्यालयको भौतिक पक्ष केही कमजोर भए पनि शैक्षिक अवस्था राम्रो रहेको उल्लेख छ । दुवै विद्यालयमा शैक्षिक पक्षलाई सुधार गर्न विद्यालयको भौतिक पक्षमा आर्थिक लगानी बढाउनु पर्ने जस मध्ये संस्थागत विद्यालयको अलि बढी मुनाफामुखी मात्र नभई विद्यार्थीले गरेको खर्चको आधारमा सेवा सुविधामा वृद्धि गर्नुपर्ने र सामुदायिक विद्यालयले प्रशासनिक तथा शैक्षिक व्यवस्थापनमा अलि बढी ध्यान दिनुपर्ने कुरा उल्लेख गरेको छ ।

माथेमा र विष्ट (२००५) एस्.एल्.सी. मा विद्यार्थी उपलब्धी सम्बन्धी अध्ययन प्रतिवेदनको निष्कर्ष तथा सुझाव प्रस्तुत गर्ने क्रममा विद्यालयको प्रभावकारिता उक्त विद्यालयले गर्ने खर्चमा भर पर्ने कुरा बताएका छन् । उक्त अध्ययन अनुसार विकासोन्मुख मुलुकहरुमा गरिएको विद्यालयको प्रभावकारिता सम्बन्धी अध्ययनले देखाए जस्तैः यस अध्ययनले पनि प्रति विद्यार्थी खर्च र विद्यालयको क्षमता प्रदर्शनका बीच बलियो सम्बन्ध रहेको देखाएको छ । प्रति विद्यार्थी बढी खर्च गर्ने विद्यालयले कम खर्च गर्ने अरु विद्यालयको तुलनामा एस्.एल्.सी. मा निकै राम्रो उपलब्धी प्राप्त गरेको देखाएको छ । नेपालका विभिन्न प्रकारका विद्यालयहरु बीचमा प्रति विद्यार्थी खर्चमा एकरुपता रहेको पाइँदैन । यस्तो खर्चमा सार्वजनिक र निजी विदालयहरुमा निकै अन्तर रहेको छ र यो अन्तर सामुदायिक तुलनामा निजी विद्यालयमा ११ गुणाले बढी रहेको छ । यस अध्ययनले प्रभावकारी र अप्रभावकारी विद्यालयमा हुने प्रति विद्यार्थी खर्चमा ठूलो अन्तर रहेको देखाएको छ । प्रभावकारी विद्यालयले प्रति विद्यार्थी खर्च बढी गर्ने गर्छन् भन्ने कुरा पाइएको छ । त्यसैगरी प्रति विद्यार्थी खर्च विद्यालय रहेको क्षेत्र (गाउँ र शहर) तथा लगानीको स्रोत (सरकारी लगानी वा समुदायको लगानी) का आधारमा पनि भिन्न भिन्न हुने गरेको छ । प्राथमिक तहमा जस्तो माध्यमिक तहमा सरकारले पूर्ण आर्थिक भार वहन गरेको छैन भन्ने कुरा उक्त निष्कर्षमा संलग्न गरेको छ ।

आचार्य (२०६५) ले सुर्खेत जिल्लाको भेरी क्षेत्रमा गरेको एक अध्ययनका अनुसार माध्यमिक विद्यालयको कूल आयस्रोत मध्ये सरकारी अनुदान ८५.२७%, अभिभावकको लगानी ५.४१% र अन्य स्रोतबाट प्राप्त आम्दानी ५% रहेको पाइयो । त्यसैगरी २०५९/०६० सालको जम्मा आम्दानी मध्ये ८९% शिक्षक तलब भत्तामा, कर्मचारीको तलब भत्तामा ४.२५%, मसलन्दमा १.०१%, शैक्षिक सामग्रीमा ०.३६% र अन्य शीर्षकमा नगण्य मात्रामा खर्च भएको पाइन्छ । एस्.एल्.सी. उत्तीर्ण प्रतिशत न्यून भएकोले एस्.एल्.सी. को प्रति विद्यार्थी लागत रु. ७८,३५१।- रहेको देखिएको छ । त्यसबाट माध्यमिक तहमा लागत उच्च रहेको देखिन्छ । अभिभावकहरुले आफ्नो कूल आम्दानीको ६.२६% मात्र माध्यमिक शिक्षामा खर्च गरेको देखिन्छ । अभिभावकहरुले माध्यमिक तहमा अध्ययन गर्ने आफ्ना बालबच्चाहरुलाई गरेको जम्मा खर्च मध्ये विद्यालयको शुल्कसँग सम्बन्धित खर्च ६.८% र अन्य सम्बन्धित खर्च ९३.२०% देखिन्छ । शैक्षिक खर्च मध्ये पोशाकमा ४३.८४%, स्टेशनरीमा ४१.५७% र अन्य शीर्षकमा १४.४९% भन्दा कम खर्च गरेको देखिन्छ । माध्यमिक तहमा अभिभावकले गरेको कूल प्रति विद्यार्थी लगानी रु. ३,५१२।- लागेको देखिन्छ । यस मध्येमा पनि विद्यालय शुल्कमा रु. २३९।- र अन्यमा रु. ३,२७३।- लागेको देखिन्छ ।

अग्रवाल र प्रधान (१९७९) का अध्ययन अनुसार नेपालको राष्ट्रिय शिक्षा पद्धतिको कार्यान्वयनमा स्थानीय स्तरबाट शैक्षिक क्षेत्रमा गरिने लगानी शून्य छ । यसको सम्पूर्ण शैक्षिक खर्च सरकारबाट नै गरिएको छ । सरकारले शैक्षिक प्रणालीलाई नै राष्ट्रियकरण गरेको छ, त्यसैले यसको लगानीको पूर्ण उत्तरदायित्व पनि सरकारले नै लिएको छ । लेखकहरुको सुझाव यो छ कि यदि नेपालले उनीहरुका खातिर गति अगाडि बढाउने हो भने शैक्षिक नेताहरु तथा सरकारले जनसहभागिता तथा प्रगतिका लागि विभिन्न उपायहरुको खोजी गर्नुपर्दछ साथै स्थानीय जनताको विकास तथा प्रगतिका लागि अन्य उपायहरुको खोजी गर्नुपर्दछ । शैक्षिक नेता तथा सरकारलाई सुझाव दिँदै उपाध्याय (१९६६) ले गरेको एक अध्ययनमा शिक्षाका विभिन्न तहहरुमा सरकारको लगानीगत दायित्वको लेखाजोखा गरिएको छ । शिक्षाका समानुपातिक तथा निरर्थक दुवै क्षेत्रमा सरकारको लगानी महत्वपूर्ण रुपमा वृद्धि भएको पाइन्छ । उक्त लगानीको परिपूर्ति गर्नका लागि अन्तराष्ट्रिय स्रोतहरुको परिचालन गर्नु हो भने शैक्षिक संस्था भित्र उपलब्ध स्रोतहरुको उच्चतम प्रयोग गर्नु पनि हो । नेपालको पाँचौं योजनाले नेपाल सरकारको खर्चका क्षेत्रहरुको योजनालाई प्रष्ट रुपमा

देखाएको छ । लगानीका प्रमुख क्षेत्रहरु भनेको यातायात, संचार र अरु सहायक भनेको सामाजिक तथा आर्थिक सवालका क्षेत्रहरु पनि हुन्छन् । त्यतिबेला निजी क्षेत्र अगाडि आएको थिएन । सरकारले निर्माण, व्यापार तथा सेवा क्षेत्रमा उद्योगहरुको संगठन निर्माण गर्दै आएको थियो । देशमा सरकारी खर्च दिनानुदिन बढ्दै गइरहेको थियो । सरकारी खर्च निरपेक्ष क्षेत्रमा मात्र नबढी जनसङ्या वृद्धिद्वारा खर्च तथा शहरीकरणको वृद्धिद्वारा हुने खर्च पनि बढेको थियो । यहाँ सरकारी खर्चका क्षेत्रहरु जस्तै वस्तु तथा सेवाहरुको प्रत्यक्ष उत्पादनमा हुने खर्चहरु आदि थिए जसले गर्दा शिक्षा क्षेत्रमा त्यति ठूलो लगानी हुन सकेको देखिँदैन ।

बुदुजा (२०६२) ले म्याग्दी जिल्लामा गरेको एक अध्ययनका अनुसार माध्यमिक शिक्षामा गरिएको लगानी मध्ये ७०.३% लगानी सरकारी तर्फबाट, विभिन्न क्षेत्रबाट २७.४% र अभिभावकबाट २.३% लगानी गरिएको पाइयो । सरकारले गरेको लगानीहरु मध्ये ९५.६% लगानी शिक्षकको तलब भत्तामा खर्च गरेको पाइयो । माध्यमिक विद्यालयहरुको कूल आम्दानी मध्ये ६७.३% शिक्षकहरुको तलब भत्तामा, २५.२% भवन निर्माण तथा मर्मत खर्चमा, ६.५% प्रशासनिक क्षेत्रमा, १.०% अतिरिक्त क्रियाकलापमा खर्च गरेको पाइयो । माध्यमिक तहको शैक्षिक उपलब्धी निम्न रहेको पाइयो । शैक्षिक सत्र २०५६ सालदेखि २०६१ सालसम्मको विद्यार्थीको कक्षा ९ को उत्तीर्ण दर औषतमा ४२.८% रहेको थियो । एस्.एल्.सी. परीक्षाको उत्तीर्ण दर २०५६ देखि २०६१ सम्मको तथ्याङ्कलाई हेर्दा औषतमा ४८.६% उत्तीर्ण दर रहेको पाइयो । यसरी न्यून उपलब्धी हुनुमा मुख्य कारण आर्थिक लगानीको अभाव पाइयो । बुदुजाका अनुसार सरकारी माध्यमिक शिक्षामा सरकारले गरेको आर्थिक लगानीमा वृद्धि गराउनु पर्छ । लगानी वृद्धि गर्दा शिक्षकहरुको तलबमा मात्र ध्यान नदिई निश्चित कार्यक्रमहरु जस्तै प्रशासनिक, अतिरिक्त क्रियाकलाप, विद्यालय भवन निर्माण तथा मर्मत जस्त शीर्षकहरुमा निश्चित रकम छुट्टाछुट्टै रुपमा वृद्धि गरिनु पर्दछ । जसले गर्दा शिक्षकको निर्धारित उद्देश्य प्राप्त गर्नका लागि उपयुक्त क्रियाकलाप सञ्चालन गरी शिक्षा प्रदान गर्न सकिन्छ ।

बुजुदा (२०६२) को एक अध्ययन अनुसार शैक्षिक उपलब्धीमा प्रभाव पार्ने प्रमुख तत्वहरु आर्थिक तत्व हो भने सहायक तत्वहरुमा अभिभावक, पारिवारिक आकार, अभिभावकको पेशा, अभिभावकको शैक्षिक योग्यता, घरायसी कामधन्दा आदि जस्ता कुराले प्रभाव पार्दछ

भन्ने निष्कर्ष निकालिएको छ । उक्त अध्ययनले शैक्षिक उपलब्धीमा माध्यमिक शिक्षाको एस्.एल्.सी. को नतिजालाई आर्थिक लगानीले प्रभाव पारेको देखाइएको छ । उक्त अध्ययनमा अनुसन्धानकर्ताले तथ्याङ्क शास्त्रीय विधिको प्रयोग गरी सह-सम्बन्ध गणना गर्दा सरकारी आर्थिक लगानी र शैक्षिक उपलब्धी बीच घनिष्ठ सम्बन्ध रहेको कुरा देखाइएको पाइन्छ ।

वराल (२०६८) ले सामुदायिक माध्यमिक विद्यालयको आर्थिक अवस्था र त्यसले शैक्षिक उपलब्धीमा पारेको प्रभाव नामक शोधपत्रमा शैक्षिक उपलब्धीमा शैक्षिक खर्चको ज्यादै ठूलो प्रभाव रहेको कुरा बताएको छ । जसमा नगरपालिका क्षेत्रका विद्यालय र अभिभावकले गर्ने शैषिक खर्चप्रति विद्यार्थी रु. ५,५९७- खर्च गर्दा ५७.१% ले एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरेको र ग्रामीण क्षेत्रका विद्यालय र अभिभावकले जम्मा शैक्षिक खर्च प्रति विद्यार्थी रु. ४,९९९।- गर्दा ४२.७% ले मात्र एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरेका छन् । यसको अन्तरले के देखाएको छ भने शैक्षिक उपलब्धीमा प्रभाव पार्ने प्रमुख तत्व आर्थिक तत्व हो भने विद्यार्थीको सामाजिक वातावरणले पनि गौण रुपमा प्रभाव पार्ने कुरा बताएका छन् ।

रिमाल (२०७१) ले सामुदायिक र संस्थागत विद्यालयको आर्थिक लगानी र शैक्षिक उपलब्धी तुलनात्मक अध्ययन नामक शोधपत्रमा सामुदायिक माध्यमिक विद्यालयको प्रति विद्यार्थी खर्च र शुल्कसँग असम्बन्धित खर्च गरी प्रति विद्यार्थी खर्च जम्मा रु. ९,२७४।५ खर्च गर्दा एस्.एल्.सी. परीक्षा सहभागी विद्यार्थीहरु मध्ये ६८.५४% उत्तीर्ण भएको पाइन्छ । त्यसैगरी संस्थागत माध्यमिक विद्यालयमा विद्यालयको प्रति विद्यार्थी खर्च र शुल्कसँग असम्बन्धित खर्च गरी प्रति विद्यार्थी जम्मा रु. २३,३२९।४ खर्च गर्दा एस्.एल्.सी. परीक्षामा सामेल शत प्रतिशत विद्यार्थी उत्तीर्ण भएको देखिन्छ । यसबाट सामुदायिक माध्यमिक विद्यालयको शैक्षिक उपलब्धी संस्थागत विद्यालयको तुलनामा सन्तेषजनक नरहेको उल्लेख गरेका छन् ।

काफ्ले (१९९९) का अनुसार सरकारी विद्यालयको वार्षिक आम्दानीमा सरकारी अनुदान ५१%, शुल्क वापत ३४%, विद्यायको आफ्नै स्रोतबाट १६% र अन्य स्रोतबाट १६% रहेको थियो । त्यसैगरी खर्चका आधारमा सरकारी द्यिालयको प्रति विद्यार्थी खर्च रु. ४,३१९/- र निजी विद्यालयको प्रति विद्यार्थी खर्च रु. ९,७२६/- हुन गएको देखाएको छ । उक्त अध्ययनको अन्त्यमा अनुसन्धानकर्ताले सरकारी विद्यालयको उच्च लागत र न्यून

उपलब्धीको अन्तर घटाउनु पर्ने, माध्यमिक तहमा सरकारी लगानी बढाए पनि विद्यालयको आन्तरिक क्षमतामा वृद्धि आउन नसकेको कारणले सरकारले विशेष खालको नीति अवलम्बन गर्नु पर्ने सुझाव दिएको देखिन्छ ।

मल्ल (२०६५) का अनुसार राष्ट्रले धेरै वर्ष अगाडि प्रत्येक बालबालिकालाई शिक्षाको समान अवसर प्रदान गर्ने प्रतिज्ञा गरेको भए पनि अझै हाम्रो देशमा सम्पन्न परिवारका बालबालिकाले नै स्तरीय शिक्षा पाइरहेका छन् । धनी, सम्पन्न परिवारले रमाइरमाई विद्यालय आउने, ज्ञानवर्द्धक खेल खेल्न पाउने, नयाँ व्यवहारिक अनुभव प्राप्त गर्न पाउने, स्तरीय शैक्षिक वातावरण भएका शहरका स्तरीय विद्यालयहरुमा अध्ययन गर्न पठाउने गर्छन् भने खास गरेर ग्रामीण क्षेत्रमा शिक्षाको विकासको गति ज्यादै सुस्त भएको र त्यहाँको शैक्षिक वातावरण पनि निम्न स्तरको हुन्छ, शिक्षकहरुको योग्यतामा पनि कमै हुन्छ । यसले गर्दा ती विद्यालयमा सिकाइको विषयवस्तु तथा क्रियाकलापहरु बालबालिकालाई आकर्षक हुँदैन भनी उल्लेख गरेका छन् ।

सेपड (१९९६) का अनुसार अध्ययन क्षेत्रमा पनि विद्यालय औषत २३५ जना विद्यार्थी रहेका, विद्यार्थी शिक्षक अनुपात १८:१ र औषत आम्दानी एक लाख भन्दा बढी देखाएको छ । निजी विद्यालयमा आर्थिक स्रोतको ८५% अभिभावकबाट आएको तर त्यसको तुलनामा सरकारी विद्यालयमा नगण्य मात्रमा आउने गरेको र सरकारी विद्यालयको प्रति विद्यार्थी औषत लागत रु. २,४६०।- र निजी विद्यालयमा प्रति विद्यार्थी खर्च रु. ९,११४।- भएकोले तुलनात्मक रुपमा निजी विद्यालयमा प्रति विद्यार्थी खर्च बढी पर्न गएको देखिन्छ भने सरकारी विद्यालयमा बचत रकम रहन गएकोले भौतिक सुविधा र शैक्षिक सामग्रीमा खर्च गर्न सुझाव दिएको पाइन्छ ।

सुनुवार (२०६०) का अनुसार सरकारी विद्यालयबाट उत्पादित विद्यार्थीहरुले निजी विद्यालयबाट उत्पादित जनशक्तिसँग प्रतिस्पर्धा गर्नु पर्ने हुन्छ तर प्रतिस्पर्धा सक्षम जनशक्ति निर्माण गर्नका लागि सरकारले सरकारी विद्यालयहरुमा लगानी गर्दैन । गाउँमा सरकारी विद्यालय चलेको छ, कोही हेर्न आउँदैनन् । सुविधा भएको शहरी ठाउँमा NGO सरकारी सहयोग बढी छ । सहयोग गाउँ गाउँमा हुनुपर्छ र विकास गाउँबाट शुरु हुनुपर्छ ।

## २.३. पुनरावलोकन गरिएको साहित्यको प्रयोग (Implication of the Review for the Research)

नेपालको इतिहास हेर्ने हो भने शिक्षाको इतिहास लामो छैन । प्राचिन समयदेखि मध्यकाल र आधुनिक कालसम्म आइपुग्दा शिक्षाको विकास निकै परिवर्तन भएको पाइन्छ । २००७ सालसम्म आइपुग्दा १ वटा कलेज, २३३ वटा प्रा.वि. र ११ वटा मा.वि. थियो भने २०६९/०७० सम्म आइपुग्दा ३४,२९८ प्रा.वि., १४,४४७ नि.मा.वि. र ८,४१६ मा.वि. स्थापना भइसकेका छन् । आजको समयमा गुणस्तरीय शिक्षाको आवश्यकता छ । यसले सामाजिक, आर्थिक, साँस्कृतिक विकास गराउँदछ । यसले व्यक्तिका लागि मात्र नभई समाज, राष्ट्र र अन्तराष्ट्रिय स्तरमा सचेत हुनका लागि ज्ञान दिने गर्दछ । मानिसको ज्ञान, सीप, क्षमता विकास गर्न लगानी बढाउनुपर्छ । अन्य क्षेत्रमा गरिएको लगानीलाई मावन संसाधन विकासको लागि दिर्घकालीन लगानीको रुपमा लिइन्छ ।

शिक्षामा गरिएको खर्चबाट आशा गरे अनुरुप प्रतिफल प्राप्त भएको देखिँदैन । यस कारणले ठीक ठाउँ र बढी प्रतिफल दिने ठाउँमा लगानी गर्नु आवश्यक देखिन्छ । शिक्षाले आर्जित ज्ञान र सीपलाई समावेश गर्दछ । शिक्षा असल शासन, आर्थिक क्रियाकलाप र प्रगतिको आधार हुनाले शिक्षा एक पुँजी हो । समाजमा रहेका गरिव व्यक्तिहरुलाई शिक्षा दिन सार्वजनिक खर्चमा वृद्धि गर्नुपर्छ । गरिव बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गरेपनि माध्यमिक तहको विद्यालयमा विभिन्न तरिकाले शुल्क लिइने प्रवृत्रिले बीचैमा विद्यालय छाड्न वाध्य भएका छन् । त्यसैले अधिकांश गरिब, अशिक्षित र पिछडिएका ठाउँहरुमा बालबालिकाहरुले निःशुल्क पढ्न पाउने व्यवस्था हुनुपर्छ ।

## २.४ अनुसन्धानको रिक्तता (Research Gap)

आफ्नो अध्ययनलाई पूर्णता दिनको लागि अनुसन्धानको रिक्ततालाई पनि समावेश गर्नु पर्ने हुन्छ । यस अध्ययनलाई पूर्णता दिनको लागि अनुसन्धानको रिक्ततालाई पनि समावेश गरिएको छ । यो भन्दा अगाडिका अनुसन्धानलाई समिक्षा गर्दा विद्यालयका प्राथमिक, माध्यमिक र उच्च माध्यमिक तहमा आर्थिक लगानी र शैक्षिक उपलब्धीसँग मात्र सम्बन्धित भई अध्ययन गरिएको पाइयो । नेपालमा हाल दुई किसिमका माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । सरकारी तवरबाट सञ्चालित विद्यालय सामुदायिक विद्यालय र

निजी क्षेत्रबाट सञ्चालित विद्यालयलाई संस्थागत विद्यालय भनिन्छ । उल्लेखित साहित्यहरुको पुनरावलोकन गर्दा सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरुले गरेको आर्थिक लगानी र शैक्षिक उपलब्धीको बारेमा जानकारी ती अनुसन्धानहरुले पूर्णता दिन नसकेको देखिन्छ । त्यसै कारणले यस अध्ययनले सामुदायिक र संस्थागत माध्यमिक विद्यालयले गरेको आर्थिक लगानी र शैक्षिक उपलब्धी सम्पूर्ण लेखाजोखा गरी विश्लेषण गर्ने भएकाले यो अनुसन्धान अन्य अनुसन्धान भन्दा फरक रहेको छ ।

## २.५ कार्यात्मक ढाँचा (Funictional Framework)

यस अध्ययनलाई सहज र प्रभावकारी बनाउनलाई कार्यात्मक ढाँचाको प्रयोग गरी अध्ययन गरिएको थियो । जसले गर्दा अध्ययनलाई सहज बनाएको छ । अध्ययनको कार्यात्मक ढाँचालाई निम्नानुसार देखाउन सकिन्छ ।



# अध्याय : तीन
# (CHAPTER : THREE)

## ३. प्रक्रिया र विधि (Methodology and Procedures)

यस अध्ययन अन्तर्गत शैक्षिक प्रक्रिया र विधिका बारेमा क्रमशः अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत, जनसंख्या, नमूना र नमूना रणनिति, तथ्याङ्क संकलनका साधन तथा प्रविधिहरु र नितिगत प्रावधानहरु अध्ययन विश्लेषण गरी व्याख्या गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा (Reseach Design)

यस अध्ययनमा परिमाणात्मक तथा गुणात्मक ढाँचाबाट तथ्याङ्क संकलन गरी प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ । जुन उद्देश्य अनुसार प्रश्नावली, अन्तवार्ता, प्रत्यक्ष अवलोकनबाट तथ्याङ्क संकलन गरी यसको व्याख्या गरिएको छ । यो अध्ययन गोरखा जिल्ला गोरखा नगरपालिकामा रहेका विद्यालयहरु मध्ये अध्ययनको लागि छनोट गरिएका सामुदायिक र संस्थागत विद्यालयले माध्यमिक तहमा गरेको आर्थिक लगानी र शैक्षिक उपलब्धिको गुणात्मक तथा संख्यात्मक विवरणमा आधारित गरिएको छ ।

## ३.२ तथ्याङ्कको स्रोत (Sources of Data)

यस अनुसन्धानमा प्रमुख रुपमा प्राथमिक स्रोत र नपुग तथ्याङ्कलाई द्वितिय स्रोतबाट लिइएको छ ।

### ३.२.१ प्राथमिक स्रोत (Primary Sources)

प्राथमिक स्रोत अन्तर्गत नमूना छनौटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावक यस अध्ययनको प्राथमिक स्रोत रहेका छन् ।

### ३.२.२ द्वितीय स्रोत (Secondary Source)

अनुसान्धन कार्यलाई उद्देश्यमूलक तथा प्रभावकारी वनाउनको लगि द्वितिय स्रोतहरुमा सम्वन्धीत क्षेत्र वा विषयसँग मेलखाने संघसंस्थाहरु, पत्रपत्रिका, जि.वि.स., जि.शि.का.,

शिक्षामन्त्रालय, केन्द्रित तथ्याङ्क विभागबाट प्रकशित विभिन्न वुलेटिन तथा सुचनाबाट तथ्याङ्क लिइएको थियो ।

## ३.३ जनसंख्या, नमूना आकार, नमुना छनोट रणनीति (Population, Sample Size & Sampling Strategy)

### ३.३.१ जनसंख्या (Population)

यस अध्ययनमा गोरखा जिल्लाको गोरखा नगरपालिकामा रहेका सम्पूर्ण माध्यमिक विद्यालयहरुलाई जनसंख्याको रुपमा लिइएको छ । गोरखा नगरपालिकामा जम्मा १७ वटा माध्यमिक तहका विद्यालयहरु रहेका छन्, जसमध्ये ११ वटा सामुदायिक र ६ वटा संस्थागत विद्यालयहरुबाट एउटा सामुदायिक र एउटा संस्थगत विद्यालयलाई उद्देश्य मूलक नमूना छनोट विधि प्रयोग गरी अध्ययनको लागि छनोट गरिएको छ । जसमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या ४९७ र संस्थागत विद्यालयका २४० जना विद्यार्थीहरु, सामुदायिक विद्यालयको प्र.अ. १ जना र संस्थागत विद्यालयको प्र.अ. १ जना, सामुदायिक विद्यालयका शिक्षक ५८ जना र संस्थागत विद्यालयको शिक्षक ३२ जना, त्यसैगरी सामुदायिक विद्यालयको अभिभावकहरु ४५० जना र संस्थागत विद्यालयका अभिभावकहरु २३० जनालाई जनसंख्याको रुपमा लिइएको छ ।

### ३.३.२ नमुना आकार (Sample Size)

सामुदायिक विद्यालयमा २०६९/०७० देखि २०७०/०७१ सालमा कक्षा ९  र १० का कूल विद्यार्थी संख्या ४९७ मध्ये १२० जनालाई सामान्य सम्भावनायुक्त नमूना छनोट विधि अन्तर्गत चिट्ठा प्रणालीद्वारा छनोट गरिएको छ । जसको २४.१४ प्रतिशत हुन आउँछ ।

संस्थागत विद्यालयमा २०६९/७० देखि २०७०/७१ सालमा कक्षा ९ र १० का कूल विद्यार्थी संख्या २४० मध्ये १२० जनालाई सामान्य सम्भावनायूक्त नमूना छनोट विधि अन्तर्गत चिट्ठा प्रणालीद्वारा छनोट गरिएको छ । जसको ५० प्रतिशत हुन आउँछ ।

सामुदायिक विद्यालयका अभिभावक ४५० मध्ये १२० जना र संस्थागत विद्यालयका अभिभावक २४० मध्ये १२० जनालाई सामान्य सम्भावनायुक्त नमूना छनोट विधि अन्तर्गत

चिट्ठा प्रणालीद्वारा छनोट गरिएको छ । सामुदायिक विद्यालयको अभिभावक ५० प्रतिशत र संस्थागत विद्यालयको अभिभावक ५० प्रतिशत हुन आउँछ ।

### ३.३.३ नमुना छनौट रणनीति (Sample Strategy)

यस अध्ययनको लागि नमूना छनोट गर्नका लागि साधन स्रोत, समय र भौगोलिक अवस्थालाई अध्ययनमा राखि उद्देश्य मूलक नमूना छनोट विधिद्वारा गरिएको छ ।

१. यस अध्ययनमा सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरुले माध्यमिक तहमा गरेको आर्थिक लगानी र शैक्षिक उपलब्धिको अध्ययन गर्नका लागि गोरखा जिल्लाको गोरखा नगरपालिकाको ११ वटा सामुदायिक र ६ वटा संस्थागत माध्यमिक विद्यालयहरु मध्ये १ वटा सामुदायिक र १ संस्थागत माध्यमिक विद्यालयहरुलाई उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा छनोट गरिएको छ ।

२. सामुदायिक विद्यालयका ४९७ जना विद्यार्थी मध्ये १२० जनालाई सामान्य सम्भावनायुक्त नमुना छनोट विधि अन्तर्गत चिट्ठा प्रणालीद्वारा छनोट गरिएको छ, जसको २४.१४ हुन आउँछ ।

३. संस्थागत विद्यालयका २४० जना विद्यार्थी मध्ये १२० जना विद्यार्थीलाई सामान्य सम्भावनायुक्त नमूना छनोट विधि अन्तर्गत चिट्ठा प्रणालीद्वारा छनोट गरिएको छ । जसको ५० प्रशित हुन आउँछ ।

४. सामुदायिक विद्यालयका ४५० अभिभावकमध्ये १२० जना अभिभावकलाई सामान्य सम्भावनायुक्त नमूना छनोट विधि अन्तर्गत चिट्ठा प्रणालीद्वारा छनोट गरिएको छ, जसको ५० प्रतिशत हुन आउँछ ।

५. संस्थागत विद्यालयका २४० अभिभावक मध्ये १२० जनालाई छनोट गरिएको छ । जसको ५० प्रतिशत हुन आउँछ ।

६. दुवै विद्यालयका प्र.अ.लाई शतप्रतिशत र शिक्षकहरुलाई संगणना विधिबाट छनोट गरिएको छ ।

## ३.४ अध्ययन क्षेत्रको परिचय (Introduction to Study Area)

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र, गण्डकी अञ्चल गोरखा जिल्ला गोरखा नगरपालिकाको वडा नं. ३ र ७ अध्ययन क्षेत्र चयन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधनहरु (Tools of Data Collection)

अनुसन्धानको उद्देश्य प्राप्तिका लागि प्राथमिक तथ्याङ्कको प्रयोग गरिएको थियो । तथ्याङ्क सङ्कलनमा प्रश्नावली, विद्यालय सर्भेक्षण फारम, अवलोकन सूचि तथ्याङ्क सङ्कलनका साधनको रुपमा प्रयोग गरिएको थियो । तथ्याङ्क सङ्कलन प्रक्रियामा गरिने क्रियाकलापहरुलाई तल वर्णन गरिएको छ ।

### ३.५.१ प्रश्नवाली (Questionnaire)

अनुसन्धानको उदेश्य परिपूर्तिका लागि गोरखा जिल्लाको गोरखा नगरपलिकाका छनौटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयकाय प्रधानाध्यापक शिक्षक तथा अभिभावकहरुबाट तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली निर्माण गरिएको थियो । जसलाई अनुसूची ३ र ४ मा देखाइएको छ ।

### ३.५.२ अवलोकन सूचि (Observation List)

सामुदायिक तथा संस्थागत विद्यालयको भौतिका पक्ष शैक्षिक योजना जस्ता विषयमा अध्ययन गर्न अवलोकन सूचि प्रयोग गरिएको थियो । जसलाई अनुसूची १ मा देखाइएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन पद्धति (Techniques of Data Collection)

तथ्याङ्क सङ्ककलन प्रक्रियामा तथ्याङ्क सङ्कलनका विभिन्न पद्धतिहरु अपनाइएको थियो । अन्तरवार्ता, प्रत्यक्ष अवलोकन आदिलाई तथ्याङ्क सङ्कलनको पद्धतिको रुपमा गरिएको थियो । जसलाई तल वर्णन गरिएको छ ।

### ३.६.१ अर्न्तवार्ता (Interview)

सामुदायिक र संस्थागत विद्यालयले माध्यमिक तहमा गरेको आर्थिक लगानी र शैक्षिक उपलब्धी विश्लेषण गर्न शिक्षक/शिक्षिका, अभिभावक, प्रधानध्यापकसँग अध्ययनकर्तालाई आफै उपस्थिति भई प्रत्यक्ष रुपमा भेट गरी अन्तवार्ताको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

अध्ययनमा आवश्यक तथ्याङ्क संकलनका लागि माध्यमिक विद्यालय सञ्चालनमा देखिएका समस्या  र आर्थिक अवस्था तथा शैक्षिक उपलब्धि विषयमा अध्ययन कर्ता स्वयंमले अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्क प्रस्तुतीकारण र विश्लेषण (Data Anaysis Procedure)

यस अनुसन्धानको क्रममा विभिन्न प्रक्रियाबाट संकलन गरिएका तथ्याङ्कहरुलाई गुणात्मक र परिमाणात्मक स्रोतको आधारमा वर्गिकरण गरिएको छ परिमाणात्मक तथ्याङ्कबाट प्राप्त जानकारीहरुलाई तालिकाको माध्यमबाट प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ भने गुणात्मक रुपमा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## ३.८ नीतिगत प्रवाधान (Ethical Consideration)

अनुसन्धान गर्दा आवश्यक पर्ने तथ्याङ्क संकलनहरु सम्बन्धित क्षेत्रका प्रशासकहरुबाट अनुमति लिई तथ्याङ्क संकलन गरिएको छ । उनीहरुबाट प्राप्त सूचनालाई गोपनियता राखिनुका साथै प्राप्त तथ्याङ्कलाई घटवढ नगरि जस्ताको तस्तै राखिएको छ । यसरी प्राप्त सूचना तथा तथ्याङ्कलाई यस अध्ययनको उद्देश्य पूरा गर्नको निमित्त मात्र प्रयोग गरिएको छ ।

## अध्याय : चार

## CHAPTER : FOUR

### ४. तथ्याङ्क व्याख्या र विश्लेषण (Analysis & Interpretation of Data)

अध्ययनको यस अध्याय अन्तर्गत तथ्याङ्कको प्रस्तुतीको व्याख्या गर्ने क्रममा पहिलो शिर्षकमा अध्ययन क्षेत्राको परिचय तथा क्रमशः विद्यालयका विशेषताहरु रहेका छन् । सामुदायिक र संस्थागत विद्यालयका भौतिक तथा शैक्षिक विशेषताहरु रहेका छन् जसमा विद्यार्थी भर्ना अवस्था, विद्यार्थी लैङ्गिक अनुपात, विद्यालय छोड्ने विद्यार्थी संख्या, तालिम प्राप्त शिक्षक विद्यार्थी अनुपात र विद्यार्थी शिक्षक अनुपातका बारेमा व्याख्या विश्लेषण गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयमा गरिएको वार्षिक आय व्यय तथा लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक तुलना गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१ गोरखा जिल्लाको परिचय (Introduction to Gorkha District)

गोरखा जिल्ला नेपालको पश्मिाञ्चल विकासक्षेत्र अर्न्तगत गण्डकी अञ्चलको पहाडी जिल्ला हो । यस जिल्लाको पूर्वमा धादिङ, पश्चिममा तनँहु लम्जुङ, र मनाङ, उत्तरमा मानङ र तिव्वत र दक्षिणमा चितवन र तनहुँ जिल्लाहरु पर्दछन् । यो जिल्ला २७°१५" उतर देखि २८°४५" उत्तरी अक्षांश र ८४°२७" मिनेट पूर्वदेखि ८४°५८" मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । समुद्री सतहदेखि करिव २२८ मिटर दक्षिणदेखि ८१५३ मिटर उत्तरसम्मको उचाइमा रहेर उत्तर दक्षिण फैलिएको छ । यस जिल्लाको कूल भूभाग ३६१० वर्ग कि.मी. (३६१००० हेकटर) रहेको छ । गोरखा जिल्लामा सामान्यतया मिश्रित मनसुनी खालको हवापानी रहको देखिन्छ । यस जिल्लाको अधिकतम चापक्रम २७° सेल्सियस र न्यूनतम तापक्रम -३ डि.से भन्दा कम रहेकोछ, यहाँ वर्षा जेठबाट भदौसम्म हुने गर्दछ । हिउँदमा पश्चिमी वायुले केही वर्षा गराउने भए तापनि त्यो वर्षा नगण्य नै हुन्छ । गोरखा जिल्लामा वार्षिक औषत वर्षा १५०० मि.लि. रहेको छ । राजनैतिक प्रशासनिक विभाजन अनुसार २ नगरपालिका १३ वाट इलाक र ६२ वटा गाँउ विकास समिति रहेको छ । यो जिल्लामा संसदीय चुनाव क्षेत्र ३ वटा रहेको छ भने यस जिल्लाको सदरमुकाम पोखरीथोक बजार हो । यो जिल्लाको २०६८ सालको जनगणना अनुसार जनसङ्ख्या २७१०६१ रहेको छ । यो जिल्लामा पुरुषको संख्या ११६०२५ र महिलको सङ्ख्या १५५०३६ रहेका छन् । यस जिल्लामा

५०० वटा विद्यालयहरु रहेको छन् भने ६ वटा क्याम्पसहरु रहेका छन् । ५६ वटा उच्च मावि रहेको यो जिल्लामा २ वटा अस्पताल रहेका छन् ।

### ४.१.१ गोरखा नगरपलिकाको परिचय (Introduction to Gorkha Municipality)

गोरखा जिल्लाको गोरखा नगरपलिका सीमान पूर्वमा वुङकोट गा.वि.स,. पश्चिमा मिरकोट र खोप्लाङ गा.वि.स., उत्तरमा गाँखु मसेल र ताप्ले गा.वि.स. र दक्षिणमा ताक्लुङ र बक्राङ गा.वि.स. पर्दछ । भौगोलिक हिसाबले यो नगरपलिका २७°५६'०३" देखि २८°१३'०७" उत्तरी अक्षांशसम्म र ८४°२३" पूर्वदेखि ८४°३८'०" देशान्तरमा फैलिएर रहेकोछ । जम्मा १५ वटा वडामा विभाजित रहेको गोरखा नगरपालिकाको क्षेत्रफल ५९.५५ वर्ग कि.मी. रहेको छ । यस नगरपालिकाले जिल्लाको कूल भूभागको ४.४६ प्रतिशत भूभाग ओगटेको छ । नगरपलिकाको कूल क्षेत्रफल ५९५५ हेक्टर मध्ये २२४० हेक्टर जमिन खेतीयोग्य रहेको छ । समशितोष्ण खालको हावापानी भएको यस नगरपालिकामा औसत तापक्रम न्युनतम ८ डिग्री सेल्सियसे देखि ३० डिग्री सेल्सियससम्म रहेको पाइन्छ भने नगरपालिकाको औसत वर्ष १४९२ मिलिलिटर रहेको पाइन्छ । चैत्र महिनादेखि असोज प्रारम्भसम्म केही गर्मी, असोजदेखि फागुनसम्म जाडो हुने गरेको पाइन्छ ।

यस नगरपालिकामा कूल जनसङ्ख्या ३९२६२ रहेको छ । जसमा पुरुषको सङ्ख्या १७५८५ रहेको छ भने महिलाको सङ्ख्या २१६७७ रहेको ट । १०५८५ घरधुरी सङ्ख्या रहेको यस नगरपालिकामा विभिन्न जातजातिको मिश्रित बसोवास रहेको छ । यहाँ बसोबास गर्ने जातिमा सबैभन्दा बढी मगर जाति १८.४% रहेको छ । यस नगरपालिकाको साक्षरता प्रतिशत ६०.८७% रहेको छ । जसमा पुरुष साक्षरता ६५.५% र महिला साक्षरता ५६.२४% रहेको छ ।

एउटा सामुदायिक क्याम्पस र एउटा संस्थागत क्याम्पस रहेको यस नगरपालिकामा ७ वटा सामुदायिक उ.मा.वि. (१-१२), सामुदायिक मा.वि. ४ वटा (१-१०), संस्थागत मा.वि. ५ (१-१०), १ वटा संस्थागत उ.मा.वि. (१-१२), १ वटा सामुदायिक नि.मा.वि. ४ वटा संस्थागत नि.मा.वि., १३ वटा सामुदायिक प्रा. वि.र १ वटा संस्थागत प्रा.वि. रहेका छन् ।

## ४.२ सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका भौतिक सुविधा तथा शैक्षिक विशेषताहरु (Physical Facilities and Educational Characteristics of the Community and Institutional School)

यस शीर्षक अन्तर्गत अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्कका आधारमा अध्ययन क्षेत्रमा सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुका विशेषताहरुलाई निम्न शीर्षक अनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.२.१ सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरुको भौतिक सुविधा (Physical Facilities of the Community and Institutioanl School)

अध्ययन क्षेत्रका विद्यालयहरुको भौतिक सुविधा बारे थाहा पाउनको लागिपरिशिष्ट १ मा दिइएको विद्यालय अवलोकन सूचि भरी तथ्याङ्क सङ्कलन गरिएको थियो । यसको सहायताबाट विद्यालयको अवलोकन गर्दा विद्यालयहरुको भौतिक सुविधा निम्नानुसार रहेको पाइयो ।

#### ४.२.१.१ सामुदायिक माध्यमिक विद्यालयको कक्षाकोठाको भौतिक सुविधा (Physical Facilities of the Community School in Classroom)

अध्ययन क्षेत्रमा रहेका सामुदायिक विद्यालयको अवलोकन गर्दा विद्यालयमा कक्षाकोठा तथा भवन पर्याप्त नै रहेको पाइयो । सामुदायिक विद्यालयमा ७ वटा भवन मध्ये ३८ वटा कोठा जसमा २ वटा कम्प्युटर कोठा, ३ वटा प्रयोगशाला कोठा, ३ वटा स्टोर कोठा, ३ वटा अफिस कोठा रहेको छ र १ वटा सभाहल रहेको छ ।

**तालिका १**

**सामुदायिक विद्यालयको भवन कक्षाकोठा र प्रयोगको अवस्था**

**शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१ सम्म**

| **विवरण** | **सामुदयिका विद्यालय** |
|---|---|
| भवन | ७ |
| कक्षाकोठा | ३८ |
| प्रयोगशाला | ३ |
| कम्प्युटर कोठा | २ |
| अफिस कोठा | ३ |
| स्टोर कोठा | ३ |
| सभाहल | १ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

### ४.२.१.२ संस्थागत माध्यमिक विद्यालयको कक्षाकोठाको भौतिक सुविधा (Physical Facilities of the Institutional School in Classroom)

संस्थागत विद्यालयमा १ वटा भवन जसमा २५ कोठा मध्ये कम्प्युटर कोठा १, सभाहल कोठा १ वटा, स्टोर कोठा १, अफिस कोठा २, प्रयोगशाला कोठा १ रहेको छ । संस्थागत विद्यालयमा प्रा.वि. र नि.मा.वि. तहका सबै कक्षाहरुमा सेक्सन विभाजन गरिएको छ ।

**तालिका २**

**संस्थागत विद्यालयको भवन, कक्षाकोठा र प्रयोगको अवस्था**

**शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१ सम्म**

| **विवरण** | **संस्थागत विद्यालय** |
|---|---|
| भवन | १ |
| कक्षाकोठा | २५ |
| प्रयोगशाला | १ |
| कम्प्युटर कोठा | १ |
| अफिस कोठा | २ |
| स्टोर कोठा | १ |
| सभाहल | १ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

### ४.२.१.३ सामुदायिक माध्यमिक विद्यालयको वातावरण (School Environment of Community School)

अध्ययन क्षेत्रका सामुदायिक विद्यालयको अवलोकन गर्दा अध्ययन अध्यापनका लागि उपयुक्त नै रहेको पाइयो । सामुदयिका विद्यालयको कम्पाउण्ड घेरिएको छैन सामुदयिका विद्यालयमा पर्याप्त खेलमैदान रहेको छ ।

अध्ययन क्षेत्रका विद्यालयहरुमा पिउने पानीको अवस्था अवलोकन गर्दा विद्यालयमा धराको पानीलाई ट्याङकीमा जम्मा गरी धाराबाट वितरण गर्ने व्यवस्था रहेको छ । सामुदायिक विद्यालयमा २ वटा ट्याङ्की जसमा ३ वटा धाराहरु रहेको छ। सामुदायिक विद्यालयमा केहि पिउने पानीको समस्या रहेको छ । अध्ययन क्षेत्रका सामुदायिका विद्यालयमा जम्मा ८ वटा

शौचालय रहेको अवस्था छ जसमा शिक्षक शिक्षिकाले प्रयोग गर्ने २, छात्राले प्रयोग गर्ने ३ वटा र छात्रले प्रयोग गर्ने ३ वटा शौचालय रहेको अवस्था छ ।

#### ४.२.१.४ संस्थागत माध्यमिक विद्यालयको वातावरण (School Environment of Institutional School)

संस्थागत विद्यालयको कम्पाउण्ड घेरिएको अवस्था छ । संस्थागत विद्यालयमा पनि पर्याप्त खेलमैदान रहेको अवस्था छ े संस्थागत विद्यालयमा १ वटा ट्याङ्की र २ वटा धाराहरु रहेको छ । संस्थागत विद्यालयमा जम्मा १० वटा शौचालय रहेको अवस्थाछ । जसमा शिक्षक शिक्षिक प्रयोग गर्ने २ वटा छात्राले प्रयोग गर्ने ४ वटा छात्रले प्रयोग गर्ने ४ वटा शौचालय रहेको अवस्था छ ।

#### ४.२.१.५ सामुदायिक माध्यमिक विद्यालयको शैक्षिक सामग्री, प्रयोगशाला, फर्निचर, पुस्तकालय र कम्प्युटर कोठा (Teaching Materials, Laboratory, Furniture, Library and Computerroom in Community School)

अध्ययन क्षेत्रका सामुदायिक विद्यालयमा शैक्षिक सामग्री हरुको मुख्य परम्परागत रुपमा प्रयोग हुँदै आएको चक डस्टर कालोपाटीको प्रयोग गरेको अवस्था भएपनि आधुनिक प्रविधियुक्त शैक्षिक सामग्रीको पनि प्रयोग तथा व्यवस्थापन भएको अवस्था छ । अध्ययन क्षेत्रका सामुदायिक विद्यालयमा एक वटा छुटै कोठाको रुपमा प्रयोगशाला रहेको अवस्था छ । अध्ययन क्षेत्रका सामुदायिका विद्यालयमा फर्निचरको सुविधा रहेको पाइयो ।

अध्ययन क्षेत्रका सामुदायिका विद्यालयमा पुस्तकालयको व्यवस्था रहेको पाइयो । जसमा सामुदयिका विद्यालयमा विद्यार्थी र शिक्षकको दुवैको प्रयोजनको लगि र शिक्षिकको लगि मात्रा प्रयोजनको व्यवस्था रहेको पाइयो ।

#### ४.२.१.६ संस्थागत माध्यमिक विद्यालयको शैक्षिक सामग्री, प्रयोगशाला, फर्निचर, पुस्तकालय र कम्प्युटर कोठा (Teaching Materials, Laboratory, Furniture, Library and Computerroom in Institutional School)

संस्थागत विद्यालयमा पनि परम्परागत शैक्षिक सामग्रीको प्रयोगका साथै आधुनिक प्रविधियुक्त शैक्षिक सामग्रीको पनि प्रयोग तथा  व्यवस्थाापन भएको अवस्था छ । संस्थागत विद्यालयमा पनि १ वटा छुटै कोठाको रुपमा प्रयोगशाला रहेको अवस्था छ । त्यसै गरी संस्थागत विद्यालयमा शिक्षकको लागि मात्रा र शिक्षक र विद्यार्थी दुवै प्रयोजनका लगि पुस्तकालय व्यवस्था रहेको पाइयो ।

### ४.२.२ सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शैक्षिक विशेषताहरु (Educational Characteristics of community and Institutional School)

#### ४.२.२.१ सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यार्थी भर्ना (Students Enrollment at Community & Institutional School)

यस अध्ययनमा शैक्षिक वर्ष २०७० र २०७१ मा भर्ना भएका विद्यार्थीको विवरण संकलन गरिएको छ । छात्र तथा छात्राको भर्ना अवस्थालाई अलग अलग राखिएको छ । जसलाई तालिकामा देखाइएको छ ।

### ४.२.२.१.१ सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना (Students Enrollment at Community school)

**तालिका ३**

**सामुदयिक विद्यालयमा विद्यार्थीको भर्ना अवस्था २०६९/०७०-२०७०/२०७१**

| २०६९/०७० | | | | २०७०/०७१ | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | विद्यार्थी संख्या | औषत प्रतिशत |
| ९ | ८१ (६०.९०%) | ६२ (३९.०९%) | १३३ (१००%) | १०३ (६३.१९%) | ६० ( ३६.८०%) | २२३ (१००%) | ३५६ | ६३.९१ |
| १० | ५० (५५.५५%) | ४० ( ४४.४४ %) | ९० (१००%) | ६१ ( ५४.९५%) | ५० ( ४५.०४ %) | १११ ( १००%) | २०१ | ३६.०८ |
| जम्मा | १३१ (५८.७४%) | ९२ ( ४१.२५% ) | २२३ (१००%) | १६४ ( ५९.८५)% | ११० ( ४०.१४% ) | २७४ ( १००%) | ५५७ | १०० |

स्रोत :स्थलगत सर्वेक्षण २०७३

तालिकामा छनौटमा परेको सामुदायिक माध्यमिक विद्यालयमा विद्यार्थीको भर्ना विवरण देखाइएको छ । शैक्षिक वर्ष २०६९/०७० मा कक्षा ९ मा छात्राको तुलनामा छात्रको भर्ना संख्या वढीरहेको पाइयो जसमा छात्र ६०.९० र छात्रा ३९.०९ रहेको छ । कक्षा १० मा छात्राको तुलनामा छात्रको भर्ना संख्या वढी रहेको पाइयो । जसमा छात्रको ५५.५५ प्रतिशत

र छात्राको ४४.४४ प्रतिशत रहेको पाइयो । त्यसै गरी शैक्षिक वर्ष २०७०/७१ मा कक्षा ९ मा भर्ना संख्या १२३ मध्ये ६३.१९ प्रतिशत छात्र र ३६.८० प्रतिशत छात्रा रहेका छन् । त्यसै गरी कक्षा १० मा १११ भर्ना संख्या मध्ये ५४.९५ छात्र प्रतिशत र ४५.०४ प्रतिशत छात्रा रहेका छन् ।

### ४.२.२.१.२ संस्थागत विद्यालयमा विद्यार्थी भर्ना (Studens Enrollment at Institutional School)

**तालिका ४**

**संस्थागत विद्यालयमा विद्यार्थीको भर्ना अवस्था २०६९/०७०-२०७०/२०७१**

| २०६९/०७० | | | | २०७०/०७१ | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **कक्षा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | **विद्यार्थी संख्या** | **औषत प्रतिशत** |
| ९ | ५० (५६.१७%) | ३९ (४३.८२%) | १३३ (१००%) | १०३ (६३.१९%) | ६० (३६.८०%) | २२३ (१००%) | १९३ | ८०.४१ |
| १० | १२ (६३.१५%) | ७ (३६.८६%) | ९० (१००%) | ६१ (५४.९५%) | ५० (४५.०४%) | १११ (१००%) | ४७ | १९.५८ |
| जम्मा | ६२ (५७.४०%) | ४६ (४२.५९%) | २२३ (१००%) | १६४ (५९.८५)% | ११० (४०.१४%) | २७४ | २४० | १०० |

स्रोत :स्थलगत सर्वेक्षण २०७३

तालिकामा छनौटमा परेको संस्थागत माध्यमिक विद्यालयमा विद्यार्थीको भर्ना विवरण देखाइएको छ । शैक्षिक वर्ष २०६९/०७० मा कक्षा ९ मा छात्राको तुलनामा छात्रको भर्ना संख्या वढीरहेको पाइयो जसमा छात्र ५६.१७ र छात्रा ४३.८२ प्रतिशत रहेको छ । कक्षा १० मा छात्राको तुलनामा छात्रको भर्ना संख्या वढी रहेको पाइयो । जसमा छात्रको ६३.१५ प्रतिशत र छात्राको ३६.८४ प्रतिशत रहेको पाइयो । त्यसै गरी शैक्षिक वर्ष २०७०/७१ मा कक्षा ९ मा भर्ना संख्या १०४ मध्ये ५७.६९ प्रतिशत छात्र र ४२.३० प्रतिशत छात्रा रहेका छन् । त्यसै गरी कक्षा १० मा २८ भर्ना संख्या मध्ये ५९.०९ छात्र प्रतिशत र ४०.९० प्रतिशत छात्रा रहेका छन् ।

### ४.२.३ सामुदायिक र संस्थागत विद्यालयमा विद्यालय छोड्ने विद्यार्थी संख्या ( Number of Dropout Students from Community and Institutional School)

अध्ययन क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनका लागि कक्षामा भर्ना भएका तर कक्षामा नआई बीचैमा पढाइ छाडेका विद्यार्थीहरुको तथ्याङ्क सङ्कलन गरिएको छ । शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१ सम्ममा भर्ना भएका तर बीचैमा विद्यालय छाडेका विद्यार्थीहरुलाई तालिकामा देखाइएको छ ।

### ४.२.३.१ सामुदायिक विद्यालयमा विद्यालय छोड्ने विद्यार्थी संख्या (Number of Dropout Students from Community School)

**तालिका ५**

**सामुदायिक विद्यालय छाड्ने विद्यार्थी प्रतिशत**

**शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१**

| विद्यालय | २०६९/०७० | | | २०७०/०७१ | | |
|---|---|---|---|---|---|---|
| | जम्मा विद्यार्थी | विद्यालय छाड्ने | | जम्मा विद्यार्थी | विद्यालय छाड्ने | |
| | | छात्र | छात्रा | | छात्र | छात्रा |
| सामुदायिक विद्यालय (१) | ७१५ | ३ (०.४१%) | ९ (१.२५%) | ८९१ | ४ (०.४४%) | ८ (०.८९%) |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

तालिकामा सामुदायिक विद्यालयमा शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१ मा भर्ना भएका तर विचैमा विद्यालय छाड्ने विद्यार्थी संख्या देखाइएको छ । २०६९/०७० मा जम्मा ७१५ जना विद्यार्थी मध्ये छात्र ०.४१ र छात्रा १.२५ ले विद्यालय छाडेका छन् । त्यसै गरी २०७०/०७१ मा जम्मा ८९१ जना विद्यार्थी मध्ये छात्र ०.४४ र छात्रा ०.८९ प्रतिशतले विद्यालय छाडेका छन् । दुवै वर्षको अध्ययन गर्दा छात्राले बढी विद्यालय छाडेका छन् । यसको खास कारण घरायसी काममा बढी समय दिनु पर्ने, आर्थिक कारण र बसाइसराई आदि प्रमुख रहेको पाइयो ।

### ४.२.३.२ संस्थागत विद्यालयमा विद्यालय छोड्ने विद्यार्थी संख्या (Number of Dropout Students from Institutional School)

**तालिका ६**

**संस्थागत विद्यालय छाड्ने विद्यार्थी प्रतिशत**

**शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१**

| विद्यालय | २०६९/०७० | | | २०७०/०७१ | | |
|---|---|---|---|---|---|---|
| | जम्मा विद्यार्थी | विद्यालय छाड्ने | | जम्मा विद्यार्थी | विद्यालय छाड्ने | |
| | | छात्र | छात्रा | | छात्र | छात्रा |
| सामुदायिक विद्यालय (१) | ५६३ | ३ (०.५३%) | ५ (०.८८%) | ७०७ | ४ (०.६६%) | ६ (०.९९%) |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

तालिकामा संस्थागत विद्यालयमा शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१ मा भर्ना भएका तर विचैमा विद्यालय छाड्ने विद्यार्थी संख्या देखाइएको छ । २०६९/०७० मा जम्मा ५६३ जना विद्यार्थी मध्ये छात्र ०.५३ र छात्रा ०.८८ ले विद्यालय छाडेका छन् । त्यसै गरी २०७०/०७१ मा जम्मा ७०७ जना विद्यार्थी मध्ये छात्र ०.६६ र छात्रा ०.९९ प्रतिशतले विद्यालय छाडेका छन् । दुवै वर्षको अध्ययन गर्दा छात्राले बढी विद्यालय छाडेका छन् । यसको खास कारण बसाइसराई प्रमुख रहेको पाइयो ।

### ४.२.४ सामुदायिक र संस्थागत विद्यालयमा तालिम प्राप्त शिक्षक विद्यार्थी अनुपात (Trained Teacher and Student Ratio of Community and Institutional School)

अध्ययन क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयको तालिम प्राप्त शिक्षक विद्यार्थी अनुपातको विश्लेषण गरिएको छ । शिक्षा नियमावली २०५९ का अनुसार शिक्षाशास्त्र सङ्कायबाट प्रमाणपत्र, स्नातक तह तथा एकवर्षे स्नातक तह पूरा गरेको वा कम्तिमा १० महिने पूर्व सेवाकालीन वा सेवाकालीन तालिम प्राप्त गरेको शिक्षकलाई तालिम प्राप्त शिक्षक भन्ने बुझाउँछ । तालिम प्राप्त शिक्षक विद्यार्थी अनुपातलाई तलको तालिकामा देखाइएको छ ।

#### ४.२.४.१ सामुदायिक विद्यालयमा तालिम प्राप्त शिक्षक विद्यार्थी अनुपात (Trained Teacher and Student Ratio of Community School)

**तालिका ७**

**सामुदायिक विद्यालयमा तालिम प्राप्त शिक्षक विद्यार्थी अनुपात**

**शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१**

| २०६९/०७० | | | | २०७०/०७१ | | | |
|---|---|---|---|---|---|---|---|
| तालिम प्राप्त संख्या | जम्मा | विद्यार्थी सङ्ख्या | तालिम प्राप्त शिक्षक /विद्यार्थी अनुपात | तालिम प्राप्त संख्या | जम्मा | विद्यार्थी सङ्ख्या | तालिम प्राप्त शिक्षक/विद्यार्थी अनुपात |
| २५ (८६.२०%) | २९ | ७९० | १:३१ | २८ (९६.५५%) | २९ | ८१६ | १:२९ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

तालिकामा सामुदायिक विद्यालयहरुमा २०६९/०७० मा जम्मा शिक्षक २९ जना मध्ये २५ जना शिक्षक तालिम प्राप्त रहको देखिन्छ । जसको ८६.२० प्रतिशत हुन आउँछ । १ जना शिक्षकलाई ३१ जना विद्यार्थी पर्न आउँछ । २०७०/०७१ मा जम्मा शिक्षक २९ जना मध्ये

२८ जना शिक्षक तालिम प्राप्त रहेको देखिन्छ । जसको ९६.५५ प्रतिशत हुन आउँछ । १ जना शिक्षकलाई २९ जना विद्यार्थी पर्न आउँछ ।

### ४.२.४.२ संस्थागत विद्यालयमा तालिम प्राप्त शिक्षक विद्यार्थी अनुपात (Trained Teacher and Student Ratio of Institutional School)

**तालिका ८**

**संस्थागत तालिम प्राप्त शिक्षक विद्यार्थी अनुपात**

**शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१**

| २०६९/०७० | | | | २०७०/०७१ | | | |
|---|---|---|---|---|---|---|---|
| तालिम प्राप्त संख्या | जम्मा | विद्यार्थी सङ्ख्या | तालिम प्राप्त शिक्षक/ विद्यार्थी अनुपात | तालिम प्राप्त संख्या | जम्मा | विद्यार्थी सङ्ख्या | तालिम प्राप्त शिक्षक/ विद्यार्थी अनुपात |
| ११ (७८.५७%) | १४ | ५९५ | १:५४ | १५ (८३.३३%) | १८ | ६७५ | १:४५ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

तालिकामा संस्थागत विद्यालयहरुमा २०६९/०७० मा जम्मा शिक्षक १४ जना मध्ये ११ जना शिक्षक तालिम प्राप्त रहको देखिन्छ । जसको ७८.५७ प्रतिशत हुन आउँछ । १ जना शिक्षकलाई ५४ जना विद्यार्थी पर्न आउँछ । २०७०/०७१ मा जम्मा शिक्षक १८ जना मध्ये १५ जना शिक्षक तालिम प्राप्त रहेको देखिन्छ । जसको ८३.३३ प्रतिशत हुन आउँछ । १ जना शिक्षकलाई ४५ जना विद्यार्थी पर्न आउँछ ।

### ४.२.५ सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी शिक्षक अनुपात (Pupil-Teacher Ratio of Community and Institutional School)

अध्ययन क्षेत्रका सामूदायिक तथा संस्थागत विद्यालयहरुको विद्यार्थी शिक्षकको अनुपात गणना गर्दा शैक्षिक वर्ष २०७० र २०७१ मा भर्ना भएका कूल विद्यार्थी संख्यालाई दुईले भाग गरि प्रतिवर्ष औसत विद्यार्थी संख्या निकालिएको छ र स्कूल शिक्षक संख्याले एक वर्षका कूल विद्यार्थी संख्यालाई भाग गरि विद्यार्थी शिक्षक अनुपात निकालिएको छ । जसलाई तालिकामा देखाइएको छ ।

#### ४.२.५.१ सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात (Students-Teacher Ratio of Community School)

**तालिका ९**

**सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात**

**शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१**

| २०६९/०७० | | | | २०७०/०७१ | | | |
|---|---|---|---|---|---|---|---|
| **विद्यार्थी संख्या** | **शिक्षक संख्या** | **विद्यार्थी/शिक्षक अनुपात** | **जम्मा कक्षा** | **विद्यार्थी संख्या** | **शिक्षक संख्या** | **विद्यार्थी/शिक्षक अनुपात** | **जम्मा कक्षा** |
| ७९० | २९ | २७ | २२ | ८१६ | २९ | २८ | २२ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

तालिकामा अध्ययन क्षेत्रका विद्यालयहरु मध्ये सामुदायिक विद्यालयमा शैक्षिक वर्ष २०६९/०७० मा जम्मा ७९० जना विद्यार्थी संख्यालाई २९ जना शिक्षक संख्या भाग गर्दा विद्यार्थी शिक्षक अनुपात १:२७ जना रहेको देखिन्छ । त्यसैगरी २०७०/०७१ मा जम्मा ८१६ जना विद्यार्थी संख्यालाई २९जना शिक्षक संख्याले भाग गर्दा विद्यार्थी शिक्षक अनुपात १:२८ रहेको देखिन्छ ।

#### ४.२.५.२ संस्थागत विद्यालयमा विद्यार्थी शिक्षक अनुपात (Students-Teacher Ratio of Instituational School)

तालिका १०

संस्थागत विद्यालयमा विद्यार्थी शिक्षक अनुपात शैक्षिक वर्ष

शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१

| २०६९/०७० | | | | २०७०/०७१ | | | |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | शिक्षक संख्या | विद्यार्थी/शिक्षक अनुपात | जम्मा कक्षा | विद्यार्थी संख्या | शिक्षक संख्या | विद्यार्थी/शिक्षक अनुपात | जम्मा कक्षा |
| ५९५ | १४ | ४२ | १५ | ६७५ | १८ | ३७ | १५ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

तालिकामा अध्ययन क्षेत्रका विद्यालयहरु मध्ये संस्थागत विद्यालयमा शैक्षिक वर्ष २०६९/०७० मा जम्मा ५९५ जना विद्यार्थी संख्यालाई १४ जना शिक्षक संख्या भाग गर्दा विद्यार्थी शिक्षक अनुपात १:४२ जना रहेको देखिन्छ । त्यसैगरी २०७०/०७१ मा जम्मा ६७५जना विद्यार्थी संख्यालाई १८ जना शिक्षक संख्याले भाग गर्दा विद्यार्थी शिक्षक अनुपात १:३७ रहेको देखिन्छ ।

## ४.३ सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको आय तथा व्यय (Income & Expenditure of Community and Institutional School)

### ४.३.१ सामुदायिक माध्यमिक विद्यालयको आय (Income of Community School)

यस शीर्षकमा अध्ययन क्षेत्रमा परेका १ वटा सामुदायिक विद्यालयहरुको २ आर्थिक वर्षको कूल आयको तथ्याङ्क लिइएको छ । यसलाई तलको तालिकामा देखाइएको छ ।

## तालिका ११

## सामुदायिक माध्यमिक विद्यालयको आम्दानीको विवरण

## शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१

| आम्दानी का स्रोतहरु | सरकारी अनुदान | प्रतिशत | अभिभावक /विद्यार्थी | प्रतिशत | विद्यालय को आफ्नो स्रोत | प्रतिशत | बैक मौज्दात | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०६९/०७० | ६३१२१९०० | ९१.०९ | १२३४२० | १.७८ | ३७२४०१ | ५.३७ | १२१५१४ | १.७५ | ६९२९४३५ | १०० |
| २०७०/०७१ | ७३२३१०० | ९४.१४ | १२२४४ | ०.१४ | ३३२४०१ | ४.२७ | १११५१२ | १.४३ | ७७७८२५७ | १०० |
| **जम्मा** | १३६३६५२१०० | ९२.७० | १३४६६४ | ०.९१ | ७०४८०२ | ४.७९ | २३३०२६ | १.५८ | १४७०७६९२ | १०० |
| **औषत आम्दानी** | ६८१७६०० | ९२.७० | ६७३३२ | ०.९१ | ३५२४०१ | ४.७९ | ११६५१३ | १.५८ | ७३५३८४६ | १०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

तालिका अनुसार सामुदायिक विद्यालयहरुको आम्दानीलाई देखाइएको छ । शैक्षिक वर्ष २०६९/०७० मा कुल आम्दानी रु ६९२९४३५ थियो जसमध्ये सरकारी अनुदान ६३१२१००, अभिभावक/विद्यार्थी १२३४२०, विद्यालयको आफ्नो स्रोत रु ३७२४०१ र वैक मौज्दात रु १२१५१४ रहेको छ जसलाई प्रतिशतमा परिवर्तन गर्दा क्रमश : ९१.०९ प्रतिशत, १.८ प्रतिशत, ५.३७ प्रतिशत, १.७५ प्रतिशत हुन आउँछ । त्यसै गरी शैक्षिक वर्ष २०७०/०७१ मा कुल आम्दानी रु ७७७८२५७ थियो जसमध्ये सरकारी अनुदान ७३२३१००, अभिभावक/विद्यार्थी ११२४४, विद्यालयको आफ्नो स्रोत ३३२४०१ र वैक मौज्दात १११५१२ रहेको छ । जसलाई प्रतिशतमा परिवर्तन गर्दा क्रमश : ९४.१४ प्रतिशत, ०.१४ प्रतिशत, ४.२७ प्रतिशत र १.४३ प्रतिशत रहेको पाइयो । त्यसै गरी औषत कुल आम्दानी रु

७३५३८४६ मध्ये अभिभावक/विद्यार्थीबाट ०.९१, सरकारी अनुदानबाट ९२.७० प्रतिशत, विद्यालयको आफ्नो स्रोतबाट ४.७९ प्रतिशत,  वैक मौज्दातबाट १.५८ प्रतिशत रहेको पाइयो ।

### ४.३.२ सामुदायिक विद्यालयमा अभिभावकको खर्च (Parent's Expenditure on Community School)

**तालिका १२**

**सामुदायिक विद्यालयमा अभिभावकहरुले गरेका अप्रत्यक्ष खर्च**

**शैक्षिक वर्ष २०६९/०७०-२०७०/२०७१**

| खर्चको शीर्षक | २०६९/०७० | | २०७०/२०७१ | |
|---|---|---|---|---|
| | खर्च रु | प्रतिशत | खर्च रु | प्रतिशत |
| शैक्षिक सामग्री | १२३७३ | ३२.४९ | १६३६४ | २७.८० |
| खाजा खर्च | ७९०५ | २०.७९ | १०३०५ | १७.५० |
| पोशाक | २५०० | ६.५६ | १३७३१ | २३.३२ |
| ट्युशन | ७८९५ | २०.७३ | १०८५८ | १८.४४ |
| अन्य | ७४०० | १९.४७ | ७६०० | १२.९१ |
| जम्मा खर्च | ३८०७३ | १०० | ५८८५८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण  २०७३

माथिका तालिकामा अभिभावकहरुको खर्चलाई देखाइएको छ । २०६९/०७० मा जम्मा कूल अप्रत्यक्ष खर्च रु. ३८०७३ मध्ये शैक्षिक सामग्रीमा ३२.४९ प्रतिशत, खाजा खर्चमा २०.७९ प्रतिशत, पोसाकमा ६.५६ प्रतिशत, ट्युसनमा २०.७३ प्रतिशत र अन्यमा १९.४३ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैगरी शैक्षिक वर्ष २०७०/०७१ मा जम्मा कूल अप्रत्येक्ष खर्च रु. ५८८५८ मध्ये शैक्षिक सामग्रीमा २७.७० प्रतिशत, खाजा खर्चमा १७.५० प्रतिशत, पोसाकमा २३.३२ प्रतिशत, ट्युसनमा १८.४४ प्रतिशत र अन्यमा १२.९१ प्रतिशत खर्च भएको देखिन्छ ।

**तालिका १३**

**सामुदायिक विद्यालयमा अभिभावकहरुले गरेका प्रत्यक्ष खर्च**

**शैक्षिक वर्ष २०६९/०७०-२०७०/२०७१**

| **खर्चको शीर्षक** | **२०६९/०७०** | | **२०७०/२०७१** | |
|---|---|---|---|---|
| | **प्रत्यक्ष खर्च रु.** | **प्रतिशत** | **प्रत्यक्ष खर्च रु.** | **प्रतिशत** |
| विद्यालय सहयोग शुल्क | २४०० | १०० | २६०० | १०० |
| जम्मा | २४०० | १०० | २६०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिका तालिकामा अभिभावकहरुको प्रत्यक्ष खर्चलाई देखाइएको छ । २०६९/०७० मा विद्यालय सहयोग शुल्कमा जम्मा रु. २४०० खर्च भएको छ, जसको १०० प्रतिशत देखिन्छ । त्यसैगरी शैक्षिक वर्ष २०७०/०७१ विद्यालय सहयोग शुल्कमा जम्मा रु. २६०० खर्च भएको छ । जसको १०० प्रतिशत देखिन्छ ।

### ४.३.३ सामुदायिक माध्यमिक विद्यालयको व्यय विवरण (Expenditures pattern of community Secondary School)

अध्ययन क्षेत्रमा परेका सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष २०७० र २०७१ मा आफ्नो आम्दानीलाई कुन कुन क्षेत्रमा खर्च गऱ्यो भन्ने कुराको विश्लेषण गरिएको छ । जसलाई तालिकामा देखाइएको छ ।

## तालिका १४
## सामुदायिक विद्यालयहरुको खर्चको विवरण
## शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१

| खर्चको शीर्षक | शिक्षक तलब | कर्मचारी तलब | मसलन्द खर्च | शैक्षिक सामग्री | खेलकुद | टेलिफोन | छात्र वृत्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| २०६९/०७० | १०३०२४२ | ५२५३१२ | २२१३४२३ | १२०२०३० | २२००० | १०२०० | ३४१११० | ५३४४३१७ |
| **प्रतिशत** | १९.२७ | ९.८२ | ४१.४१ | २२.४९ | ०.४१ | ०.१९ | ६.३८ | १०० |
| २०७०/०७१ | २०४२२ | ५२५३५२ | २२३२३२३ | ११२०२० | ३२००० | १०४०० | ४४११२० | ३३७३७३७ |
| **प्रतिशत** | ०.७० | १५.५७ | ६६.१६ | ३.३२ | ०.९४ | ०.३० | १३.०७ | १०० |
| **औषत खर्च** | ५१६३३२ | ५२५३३२ | २२२२८२३ | ६५७०२५ | २७००० | १०३००० | ३४१११५ | ४२९८९२७ |
| **प्रतिशत** | १२.०१ | १२.२२ | ५१.७० | १५.२८ | ०.६२ | ०.२३ | ७.९३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका अनुसार अध्ययन क्षेत्रमा परेका सामुदायिक विद्यालयहरुको खर्चलाई विभिन्न शीर्षकमा देखाइएको छ । शैक्षिक वर्ष २०६९/०७० मा कुल खर्च रु ५३४४३२१७ मध्ये शिक्षक तलबमा १९.२७ प्रतिशत, कर्मचारी तलबमा ९.८२ प्रतिशत, मसलन्द खर्चमा ४१.४१ प्रतिशत, शैक्षिक सामग्रीमा २२.४९ प्रतिशत, खेलकुदमा ०.४१ प्रतिशत, टेलिफोनमा ०.१९ प्रतिशत र छात्रवृत्तिमा ६.३८ प्रतिशत भएको छ । त्यसैगरी शैक्षिक वर्ष २०७०/०७१ मा कुल खर्च रु ३३७३७३७  मध्ये शिक्षक तलबमा ०.७० प्रतिशत, कर्मचारी तलमबमा १५.५७ प्रतिशत, मसलन्द खर्चमा ६६.१६ प्रतिशत, शैक्षिक सामग्रीमा ३.३१

प्रतिशत,  खेलकुदमा ०.९४ प्रतिशत, टेलिफोनमा ०.३० प्रतिशत र छात्रवृत्तिमा १३.०७ प्रतिशत भएको छ । त्यसैगरी औषत जम्मा खर्च रु ४२९८९२७ मध्ये शिक्षक तलवमा १२.०१ प्रतिशत, कर्मचारी तलबमा १२.२२ प्रतिशत, मसलन्द खर्चमा ५१.७० प्रतिशत, शैक्षिक सामग्रीमा १५.२८ प्रतिशत, खेलकुदमा ०.६२ प्रतिशत, टेलिफोनमा ०.२३ प्रतिशत, छात्रवृत्तिमा ७.९३ प्रतिशत रहेको पाइयो ।

### ४.३.४ संस्थागत माध्यमिक विद्यालयका आय (Income of Institutional School)

यस शीर्षकमा अध्ययन क्षेत्रमा परेका संस्थागत विद्यालयका १ वटा विद्यालयको २ आर्थिक वर्षको कूल आयको तथ्याङ्क लिइएको छ । यसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका १५**

**संस्थागत माध्यमिक विद्यालयको आम्दानीको विवरण**
**शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१**

| आम्दानी का स्रोतहरु | अभिभावक/ विद्यार्थी | प्रति शत | बैक मौज्दात | प्रति शत | जम्मा | प्रति शत |
|---|---|---|---|---|---|---|
| २०६९/०७० | १४३०००० | ९६.६३ | ४९७९१ | ३.३६ | १४७९७९१ | १०० |
| २०७०/०७१ | ३५०००० | ९३.६९ | २३५६० | ६.३० | ३७३५६० | १०० |
| जम्मा | १७८०००० | ९६.०४ | ७३३५१ | ३.९५ | १८५३३५१ | १०० |
| औषत आम्दानी | ८९०००० | ९६.५६ | ३१६७५.५ | ३.४३ | ९२१६७.५ | १०० |

तालिका अनुसार संस्थागत विद्यालयहरुको आम्दानीलाई देखाइएको छ । शैक्षिक वर्ष २०६९/०७० मा कुल आम्दानी रु १४७९७९१ थियो जसमध्ये अभिभावक/विद्यार्थी ९६.९३ प्रतिशत र  वैक मौज्दात ३.३६ प्रतिशत रहेको देखिन्छ । त्यसै गरी शैक्षिक वर्ष २०७०/०७१ मा विद्यालयको कुल आम्दानी रु ३७३५६० मध्ये अभिभावक/विद्यार्थी बाट ९३.६९ प्रतिशत र  वैक मौज्दातबाट ३.९५ प्रतिशत रहेको देखिन्छ  । त्यसै गरी औषत कुल आम्दानी रु ९२१६७५.५ मध्ये अभिभावक/विद्यार्थीबाट ९६.५६ प्रतिशत र , वैक मौज्दातबाट ३.४३ प्रतिशत रहेको पाइयो ।

### ४.३.५ संस्थागत माध्यमिक विद्यालयमा अभिभावकको खर्च (Parent's Expenditure on school)

**तालिका १६**
**संस्थागत माध्यमिक विद्यालयमा अभिभावकहरुले गरेका अप्रत्यक्ष खर्च**
**शैक्षिक वर्ष २०६९/०७० -२०७०/०७१**

| खर्चको शीर्षक | २०६९/०७० | | २०७०/२०७१ | |
|---|---|---|---|---|
| | खर्च रु | प्रतिशत | खर्च रु | प्रतिशत |
| शैक्षिक सामग्री | १४५१३ | २९.६८ | १५९३२ | १६.६२ |
| खाजा खर्च | ९०५० | १८.५१ | १०५३६ | १०.९९ |
| पोशाक | ८४३५ | १७.२५ | १३५५५ | १४.१४ |
| ट्युशन | ९३६० | १९.१४ | ५०३१५ | ५२.४९ |
| अन्य | ७५३३ | १५.४० | ५५०१ | ५.७३ |
| जम्मा खर्च | ४८८९१ | १०० | ९५८३९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण  २०७३

माथिका तालिकामा अभिभावकहरुको खर्चलाई देखाइएको छ । २०६९/०७० मा जम्मा कूल अप्रत्यक्ष खर्च रु. ४८८९१ मध्ये शैक्षिक सामग्रीमा २९.६८ प्रतिशत, खाजा खर्चमा १८.५१ प्रतिशत, पोसाकमा १७.२५ प्रतिशत, ट्युसनमा १९.४० प्रतिशत र अन्यमा १५.४० प्रतिशत खर्च भएको देखिन्छ । त्यसैगरी शैक्षिक वर्ष २०७०/०७१ मा जम्मा कूल अप्रत्येक्ष खर्च रु. ९५८३९ मध्ये शैक्षिक सामग्रीमा १६.६२ प्रतिशत, खाजा खर्चमा १०.९९ प्रतिशत, पोसाकमा

१४.१४ प्रतिशत, ट्युसनमा ५२.४९ प्रतिशत र अन्यमा ५.७३ प्रतिशत खर्च भएको देखिन्छ ।

**तालिका १७**

**संस्थागत माध्यमिक विद्यालयमा अभिभावकहरुले गरेका प्रत्यक्ष खर्च**

**शैक्षिक वर्ष २०६९/०७०-२०७०/२०७१**

| **खर्चको शीर्षक** | **२०६९/०७०** | | **२०७०/२०७१** | |
|---|---|---|---|---|
| | **प्रत्यक्ष खर्च रु.** | **प्रतिशत** | **प्रत्यक्ष खर्च रु.** | **प्रतिशत** |
| भर्ना शुल्क | ४११२ | ४०.७७ | ४१६३ | ३९.३३ |
| पढाइ शुल्क | ५५२३ | ५४.७६ | ५९२१ | ५५.९४ |
| परीक्षा शुल्क | ४५० | ४.४६ | ५०० | ४.७२ |
| जम्मा | १००८५ | १०० | १०५८४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिका तालिकामा अभिभावकहरुको प्रत्यक्ष खर्चलाई देखाइएको छ । २०६९/०७० मा अभिभावकले गरेको प्रत्यक्ष खर्च रु १0०८५ मध्ये भर्ना शुल्कमा ४०.७७ प्रतिशत, पढाइ शुल्कमा ५४.७६ प्रतिशत र परीक्षा शुल्कमा ४.४६ प्रतिशत गरेको देखन्छ । त्यसैगरी शैक्षिक वर्ष २०७०/०७१ अभिभावकले गरेको प्रत्यक्ष खर्च रु १०५८४ मध्ये भर्ना शुल्कमा ३९.३३ प्रतिशत, पढाइ शुल्कमा ५५.९४ प्रतिशत र परीक्षा शुल्कमा ४.७२ प्रतिशत गरेको देखिन्छ ।

### ४.३.६ संस्थागत माध्यमिक विद्यालयको खर्च (Expenditure of Institutional School)

**तालिका १८**

**संस्थागत विद्यालयको खर्चको विवरण**

**शैक्षिक वर्ष २०६९/०७०-२०७०/०७१**

| खर्चको शीर्षक | शिक्षक तलब | कर्मचारी तलब | मसलन्द खर्च | शैक्षिक सामग्री | खेल कुद | टेलिफोन | छात्रवृत्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| २०६९/०७० | २९०८५० | ३९०२० | ६०० | ९३९२० | ९५० | १२४० | २५१० | ४२९०९० |
| प्रतिशत | ६७.७८ | ९.०९ | ०.१३ | २१.८८ | ०.२२ | ०.२८ | ०.५८ | १०० |
| २०७०/०७१ | २९२१३० | ४३१३१ | ५४४३ | ९५७५० | ९२१ | १५८० | २०१० | ४४०९६५ |
| प्रतिशत | ६६.२४ | ९.७८ | १.२३ | २१.७१ | ०.२० | ०.३५ | ०.४५ | १०० |
| औषत खर्च | २९१४९० | ४१०७५.५ | ३०२१.५ | ९४८३५ | ९३५.५ | १४१० | २२६० | ४३५०२७.५ |
| प्रतिशत | ६७ | ९.४३ | ०.६९ | २१.७९ | ०.२१ | ०.३२ | ०.५१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका अनुसार अध्ययन क्षेत्रमा परेका संस्थागत विद्यालयहरुको खर्चलाई विभिन्न शीर्षकमा देखाइएको छ । शैक्षिक वर्ष २०६९/०७० मा कुल खर्च रु ४२९०९०मध्ये शिक्षक तलबमा ६७.७८ प्रतिशत, कर्मचारी तलबमा ९.०९ प्रतिशत, मसलन्द खर्चमा ०.१३ प्रतिशत, शैक्षिक सामग्रीमा २१.८८ प्रतिशत, खेलकुदमा ०.२२ प्रतिशत, टेलिफोनमा ०.५८ प्रतिशत र छात्रवृत्तिमा ०.५८ प्रतिशत भएको छ । त्यसैगरी शैक्षिक वर्ष २०७०/०७१ मा कुल खर्च रु ४४०९६५ मध्ये शिक्षक तलबमा ६६.२४ प्रतिशत, कर्मचारी तलमबमा ९.७८ प्रतिशत, मसलन्द खर्चमा १.२३ प्रतिशत, शैक्षिक सामग्रीमा २१.७१ प्रतिशत, खेलकुदमा ०.२० प्रतिशत, टेलिफोनमा ०.३५ प्रतिशत र छात्रवृत्तिमा ०.४५ प्रतिशत भएको छ । त्यसैगरी औषत जम्मा खर्च रु ४३५०२७.५ मध्ये शिक्षक तलवमा ६७ प्रतिशत, कर्मचारी तलबमा

९.४३ प्रतिशत, मसलन्द खर्चमा ०.६९ प्रतिशत, शैक्षिक सामग्रीमा २१.७९ प्रतिशत, खेलकुदमा ०.२१ प्रतिशत, टेलिफोनमा ०.३२ प्रतिशत, छात्रवृत्तिमा ०.५१ प्रतिशत रहेको पाइयो ।

## ४.४ सामुदायिक र संस्थागत माध्यमिक विद्यालयमा प्रति विद्यार्थी लागत (Unit Cost in Community and Institutional School)

यस अध्ययनमा सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ९ र १० मा अध्ययन गरी एस्.एल्.सी. उत्तीर्णलाई उत्तीर्णको रुपमा लिइएको छ । कक्षा ९ र १० मा अध्ययन गर्दा लागेको कूल प्रत्यक्ष र अप्रत्यक्ष खर्चका आधारमा प्रति विद्यार्थी लागत निकालिएको छ । त्यसैले अध्ययन क्षेत्रमा परेका विद्यालयहरुको २०६९/०७० र २०७०/०७१ मा एस्.एल्.सी. उत्तीर्ण विद्यार्थी सङ्ख्याको आधारमा प्रति विद्यार्थी लागत निकालिएको छ । जसलाई तलको तालिकामा देखाईएको छ ।

### ४.४.१ सामुदायिक माध्यमिक विद्यालयमा प्रति विद्यार्थी लागत (Unit Cost in Community School)

**तालिका १९**

**सामुदायिका विद्यालयहरुमा प्रति विद्यार्थी अप्रत्यक्ष लागत**

**शैक्षिक वर्ष** २०६९/०७०- २०७०/०७१

| **विवरण** | २०६९/०७० | २०७०/०७१ |
|---|---|---|
| अप्रत्यक्ष कूल खर्च | ३८०७३ | ५८८५८ |
| विद्यार्थी सङ्ख्या | ९१ | ९७ |
| अप्रत्यक्ष खर्चमा प्रति विद्यार्थी कूल लागत | ४१८ | ६०६ |
| प्रति विद्यार्थी लागत | ४१८ | ६०६ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका सामुदायिक विद्यालयमा ´ २०६९/०७० मा ९१ जना विद्यार्थीहरुले एस.एल.सी उत्तीर्ण गरेका छन् । औषत उत्तीर्ण संख्या ९१ जना हुन आयो । कुल अप्रत्यक्ष खर्चलाई भाग गर्दा अप्रत्यक्ष खर्चमा प्रति विद्यार्थी कुल लागत रु ४१८ पर्न गएको छ भने प्रति विद्यार्थी लागत रु ४१८ पर्न गएको देखिन्छ । त्यसैगरी २०७०/०७१ मा सामुदायिक विद्यालयमा ९७ जना विद्यार्थीहरुले एस.एल.सी उत्तीर्ण गरेका छन् । औषत उत्तीर्ण संख्या ९७ जना हुन आयो । कुल अप्रत्यक्ष खर्चलाई भाग गर्दा अप्रत्यक्ष खर्चमा प्रति विद्यार्थी कुल लागत रु ६०६ र प्रति विद्यार्थी लागत रु ६०६ पर्न गएको देखिन्छ ।

**तालिका २०**

**सामुदायिक विद्यालयहरुमा प्रति विद्यार्थी प्रत्यक्ष लगत**

**शैक्षिक वर्ष** २०६९/०७०- २०७०/०७१

| **विवरण** | २०६९/०७० | २०७०/०७१ |
|---|---|---|
| प्रत्यक्ष कुल खर्च | २४०० | २६०० |
| विद्यार्थी संख्या | ९१ | ९७ |
| प्रत्यक्ष खर्चमा प्रति विद्यार्थी लागत रु. | २६ | २६ |
| प्रति विद्यार्थी कुल लागत | २६ | २६ |

स्रोत : सर्वेक्षण २०७३

तालिकामा अध्ययन क्षेत्रमा परेका सामुदायिक विद्यालयमा २०६९/०७० जम्मा ९१ जनाले एस्.एल्.सी. पास गरेको छन् । ती विद्यार्थी सङ्ख्याले कूल प्रत्यक्ष खर्चलाई भाग गर्दा प्रत्यक्ष खर्चमा प्रति विद्यार्थी कूल लागत रु २६।- पर्न गएको छ । त्यसै गरी प्रति विद्यार्थी लागत २६ पर्न।- भएको देखिन्छ । त्यसै गरी २०७०/०७१ जम्मा ९७ जनाले एस्.एल्.सी. पास गरेको छन् । ती विद्यार्थी सङ्ख्याले कूल प्रत्यक्ष खर्चलाई भाग गर्दा प्रत्यक्ष खर्चमा प्रति विद्यार्थी कूल लागत रु २६।- पर्न गएको छ । त्यसै गरी प्रति विद्यार्थी लागत २६ पर्न गएको देखिन्छ ।

### ४.४.२ संस्थागत माध्यमिक विद्यालयमा प्रति विद्यार्थी लागत (Unit Cost in Institutional School)

**तालिका २१**
**संस्थागत विद्यालयहरुमा प्रति विद्यार्थी अप्रत्यक्ष लागत**
**शैक्षिक वर्ष २०६९/०७०- २०७०/०७१**

| **विवरण** | २०६९/०७० | २०७०/०७१ |
|---|---|---|
| अप्रत्यक्ष कूल खर्च | ४८८९१ | ९५८३९ |
| विद्यार्थी सङ्ख्या | २२ | २५ |
| अप्रत्यक्ष खर्चमा प्रति विद्यार्थी कूल लागत | २२२२ | ३८३३ |
| प्रति विद्यार्थी लागत | २२२२ | ३८३३ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका संस्थागत विद्यालयमा २०६९/०७० मा २२ जना विद्यार्थीहरुले एस.एल.सी उत्तीर्ण गरेका छन् । औषत उत्तीर्ण संख्या २२जना हुन आयो । कुल अप्रत्यक्ष खर्चलाई भाग गर्दा अप्रत्यक्ष खर्चमा प्रति विद्यार्थी कुल लागत रु २२२२ पर्न गएको छ भने प्रति विद्यार्थी लागत रु २२२२ पर्न गएको देखिन्छ । त्यसैगरी २०७०/०७१ मा संस्थागत विद्यालयमा २५ जना विद्यार्थीहरुले एस.एल.सी उत्तीर्ण गरेका छन् । कुल अप्रत्यक्ष खर्चलाई भाग गर्दा अप्रत्यक्ष खर्चमा प्रति विद्यार्थी कुल लागत रु ३८३३ र प्रति विद्यार्थी लागत रु ३८३३ पर्न गएको देखिन्छ ।

**तालिका २२**

**संस्थागत विद्यालयमा प्रति विद्यार्थी प्रत्यक्ष लागत**

**शैक्षिक वर्ष** २०६९/०७०- २०७०/०७१

| **विवरण** | २०६९/०७० | २०७०/०७१ |
|---|---|---|
| प्रत्यक्ष कुल खर्च | १००८५ | १०५८४ |
| विद्यार्थी संख्या | २२ | २५ |
